संसारका मजदुरहरू- एक होऔं ! Workers of the world, unite !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !! Long Live Marxism - Leninism -Maoism !!



# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## विधान-२०७८

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

### केन्द्रीय कार्यालय

### काठमाडौं

# विषय - सूची

पेज नं.

भाग - एक ........................................ ४
प्रारम्भिक ........................................ ४
भाग - दुई ........................................ ५
परिभाषा ........................................ ५
भाग - तीन ........................................ ६
सदस्यता ........................................ ६
केन्द्रीय निकाय ........................................ १०
भाग - पाँच ........................................ २२
प्रदेश, विशेष समिति, सम्पर्क समन्वय समिति ........................................ २२
स्थानीय समिति ........................................ 27
भाग - सात ........................................ ३४
विभाग, प्रयाक्सन, संयन्त्र र कार्यदल ........................................ 34
भाग - आठ ........................................ ३५
पदाधिकारी तथा सदस्यको योग्यता ........................................ ३५
भाग - नौ ........................................ ३७
निर्वाचन, मनोनयन, सपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति ........................................ ३७
भाग - दश ........................................ ४२
कार्यविभाजन, जिम्मेवारीपालना, अनुगमन तथा मूल्याङ्कन ........................................ ४२
भाग - एघार ........................................ ४३
जनवर्गीय, पेशागत, मोर्चा, सम्पर्क मञ्च, प्रवास क्षेत्र र अन्य सामाजिक सङ्गठनका कामहरु ........................................ ४३
भाग - बाह्र ........................................ ४४
सङ्घीय संसद, प्रदेससभा र स्थानीय तह ........................................ ४४
भाग - तेह्र ........................................ ४७
सङ्गठनात्मक सिद्धान्त, पद्दति र अनुशासन ........................................ ४७
भाग - चौध ........................................ ५१
विशेष राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठक ........................................ ५१
भाग - पन्ध्र ........................................ ५३
पार्टी कोष र सम्पत्ति सम्बन्धी व्यवस्था ........................................ ५३
भाग - सोह्र ........................................ ५५
विविध ........................................ ५५
अनुसूचीहरू ........................................ ५७

## प्रस्तावना

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधि संस्था हो । यसले मजदुर, किसान र सम्पूर्ण उत्पीडित जाति, भाषा एवम् सांस्कृतिक जनसमुदाय समेत आम जनताको हितलाई प्रतिनिधित्व गर्दछ । यो जनआधारित कार्यकर्ताहरुको पार्टी हो । यो पार्टी सर्वहारा श्रमजीवि वर्गको अग्रदस्ता हो ।

यस पार्टीको मार्ग दर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । पार्टीले आजको समाजमा रहेका वर्गहरुको अस्तित्व, वर्गहरु बीचको अन्तरविरोध र वर्ग संघर्षलाई समाज विकासको अनिवार्य एवम् मुख्य आधार मान्दछ । पार्टीको रणनीतिक लक्ष्य समाजवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवादको निर्माण गर्नु र अन्ततः साम्यवादी दिशामा अघि बढ्नु हो । समाजवादी क्रान्तिको रणनीति अन्तर्गत सामन्तवादका अवशेषहरुको अन्त्य एवम् जनवादी क्रान्तिका बाँकी कार्यभार पूरा गरिने छ । राष्ट्रिय स्वाधीनतालाई केन्द्र बिन्दुमा राख्दै विश्व साम्राज्यवाद, विस्तारवाद, नवउपनिवेशवाद लगायत सबै खाले वैदेशिक हस्तक्षेप र शोषण उत्पीडनका विरुद्धको संघर्षलाई निरन्तर अघि बढाइने छ । त्यसक्रममा एकाधिकार, दलाल तथा नोकरशाही पुँजीवादलाई विस्थापन गर्दै राष्ट्रिय पुँजीको संरक्षण र सवर्द्धन गरिनेछ । राष्ट्रिय स्वाधीनताको रक्षा तथा आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समाजवादको आधार तयार गर्नु पार्टीको तात्कालिक कार्यभार हो ।

१० वर्षको महान् जनयुद्ध, विभिन्न समयमा चलेका सशस्त्र आन्दोलन, ऐतिहासिक संयुक्त जनआन्दोलन एवम् मधेशी, आदिवासी जनजाति लगायत सबै प्रकारका उत्पीडित वर्ग र समुदायहरूद्वारा सञ्चालित आन्दोलनहरुको परिणामस्वरुप प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीकरण एवम् सामाजिक न्याय लगायतका उपलब्धीहरुको रक्षा गर्दै उत्पीडित वर्ग र जनसमुदायका अधिकारहरूको प्राप्तिका लागि पार्टी निरन्तर संघर्षरत रहने छ । परिस्थितिमा हुने परिवर्तन अनुरुप आन्दोलनका विविध स्वरुपहरुलाई अवलम्वन गरिने छ ।

पार्टी सञ्चालन जनवादी केन्द्रियताको सिद्धान्त अनुरुप हुनेछ । सामुहिक निर्णय व्यक्तिगत उत्तरदायित्व तथा सामुहिकताको केन्द्रीकृत अभिव्यक्तिको प्रणालीलाई अबलम्वन गरिनेछ । पार्टी सञ्चालनमा नेपालको संविधानले राजनीतिक दल सम्बन्धमा अङ्गिकार गरेको नीतिगत मान्यता, विचार र विधिलाई अबलम्वन गरिने छ ।

समाजवादी क्रान्तिको रणनीतिक कार्यदिशा अनुसार पार्टी सदस्यहरु पार्टीको दृष्टिकोण, सिद्धान्त, विचार, नीति तथा कार्यक्रमलाई आत्मसात गर्दै, पार्टीको एकतालाई अझ सुदृढ तुल्याउन र सामाजिक, आर्थिक तथा साँस्कृतिक रुपान्तरणका लागि तत्पर रहनेछन् ।

अप्रिल २२, १९४९ तदनुसार २००६ साल वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा चलेको बहस तथा नेपाली कम्युनिष्ट आन्दोलनमा देखापरेका मतभेद तथा वैचारिक संघर्षको दौरानमा अनेकौं पटक कम्युनिष्ट पार्टी विभाजन र एकीकरण हुँदै ३० को दशकबाट थालिएको एकीकरण र पुनर्गठनको क्रममा २०७३ साल जेठ ६ गते एकता अधिवेशन गरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बनेको हो ।

यसक्रममा २०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को बीचमा पार्टी एकीकरण भएर नेपाल कम्युनिष्ट पार्टी (ने क पा) बनेको थियो । २०७७ फागुन २३ गतेको सर्वोच्च अदालतको फैसलाद्वारा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को पुनर्स्थापना भयो ।

महान् सहिदहरु प्रति श्रद्धाञ्जली एवम् बेपत्ता योद्धा एवम् घाइते योद्धाहरुप्रति सम्मान प्रकट गर्दै पार्टी एकता र एकीकरण हुँदा जारी गरिएका विगतका सबै विधानहरुलाई समय सापेक्ष बनाउन र नेपालको संविधानले आत्मसात गरेको आधारभूत मान्यता अनुरुप विधानमा परिमार्जन गर्दै जानुपर्ने भएकोले २०७८ पौष ११ गतेदेखि १८ गतेसम्म काठमाडौंमा सम्पन्न भएको आठौं राष्ट्रिय महाधिवेशनबाट यस अघिको पार्टीको अन्तरिम विधान-२०७८ लाई खारेज गरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को यो विधान-२०७८ पारित गरी जारी गरिएको छ ।

# भाग – एक

# प्रारम्भिक

## धारा – १. पार्टीको नाम

पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) रहने छ । संक्षिप्तमा यसलाई नेकपा (माओवादी केन्द्र) भनिनेछ । अङ्ग्रेजीमा Communist Party of Nepal (Maoist Centre) र संक्षिप्तमा CPN(MC) भनिने छ ।

## धारा – २. पार्टीको झण्डा

पार्टीको झण्डा अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

## धारा – ३. पार्टीको छाप

पार्टीको छाप अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

## धारा – ४. पार्टीको चुनाव चिन्ह

पार्टीको चुनाव चिन्ह अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ ।

## धारा – ५. कार्यालय

पार्टीको केन्द्रीय कार्यालय काठमाडौं महानगरपालिका-३२ कोटेश्वर, पेरिसडाँडा, काठमाडौंमा रहने छ । प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका, वडा र टोल लगायत आवश्यकता अनुसार कार्यालयहरु रहने छन् ।

## धारा – ६. प्रारम्भ

यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

# भाग – दुई
# परिभाषा

## धारा – ७. परिभाषा

(१) 'पार्टी' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई सम्झनु पर्दछ ।

(२) 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को विधानलाई सम्झनु पर्दछ ।

(३) 'केन्द्रीय समिति' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को केन्द्रीय समितिलाई सम्झनु पर्दछ ।

(४) 'अध्यक्ष' भन्नाले पार्टीको केन्द्रीय अध्यक्षलाई सम्झनु पर्दछ ।

(५) 'पदाधिकारी' भन्नाले अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिवहरु, सचिवहरु र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(६) 'सदस्य' भन्नाले पार्टी विधान अनुसारको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को सदस्य र संगठित सदस्यलाई सम्झनु पर्दछ ।

(७) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले यस विधान अन्तरगत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

(८) 'आयोग' भन्नाले यस विधान अनुसार बनेको अनुशासन आयोग, निर्वाचन आयोग र लेखा परीक्षण आयोगलाई सम्झनु पर्दछ ।

(९) 'प्रदेश समिति' भन्नाले यस विधान अनुसार गठन भएको ७ भौगोलिक र उपत्यकामा बन्ने विशेष प्रकृतिका प्रदेश स्तरका पार्टी समितिहरुलाई सम्झनु पर्दछ ।

(१०) 'स्थानीय समिति' भन्नाले जिल्ला समन्वय समिति, निर्वाचन क्षेत्र समन्वय समिति, नगर/गाँउ समिति अर्थात् स्थानिय पालिका स्तरका समिति, वडा समिति र टोल समितिहरुलाई सम्झनु पर्दछ ।

(११) 'विशेष समिति' भन्नाले पेशा व्यबसायको आधारमा विभिन्न स्तरमा यस विधान अनुरुप बनेका महाशाखा, शाखा, उपशाखा, इकाई लगायतका पार्टी समितिहरुलाई सम्झनु पर्दछ ।

(१२) 'सेल' भन्नाले पार्टीको प्रारम्भिक समितिलाई सम्झनु पर्दछ ।

# भाग – तीन

## सदस्यता

### धारा – ८. सदस्यका प्रकार

(१) पार्टीमा देहायबमोजिमका सदस्य रहनेछन्:

(क) सदस्य,

(ख) सङ्गठित सदस्य ।

(२) धारा- ९ (१) को योग्यता र ९ (२) को प्रक्रिया पूरा गरेका व्यक्ति सदस्य हुनेछन् । धारा-१० (१) को योग्यता र १० (२) को प्रक्रिया पूरा गरेका व्यक्ति सङ्गठित सदस्य हुनेछन् ।

### धारा – ९. सदस्य

(१) सदस्यको योग्यता देहायबमोजिम हुनेछ :

(क) १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) नैतिकवान र स्वच्छ चरित्र भएको,

(ग) पार्टीबाट सञ्चालित आन्दोलन र कार्यक्रमहरूमा सहयोगी बनेको,

(घ) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान मान्न तत्पर रहेको,

(२) सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) धारा-९(१) को योग्यता पुगेको व्यक्तिले आफू रहेको वडा वा उपशाखा समितिमा अनुसूचि-४ को ढाँचामा आवेदन दिने,

(ख) वडा वा उपशाखा समितिले आवश्यक छानविन गरी तोकिए बमोजिमको शुल्क लिएर सदस्यता प्रदान गर्ने, सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख नगर/गाउँ समिति, महाशाखा, शाखाहरुमा पठाउने,

(ग) नगर/गाउँ समिति, महाशाखा र शाखाहरुले व्यक्तिगत विवरणसहितको अभिलेख राख्ने र सो विवरण प्रदेश समितिमा र प्रदेश समितिमार्फत् केन्द्रीय सङ्गठन विभागमा पठाउने,

(घ) सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा सदस्यता प्रदान गरिएको पार्टी समिति भन्दा एक तह माथिल्लो पार्टी समितिले छानविन गरी निर्णय गर्नेछ ।

(३) सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) पार्टीको साधारणसभा वा जनवर्गीय, पेशागत तथा सम्पर्क मञ्चमा सङ्गठित भई काम गर्ने,

(ख) पार्टीका दस्तावेजहरू प्राप्त गरी अध्ययन गर्ने,

(ग) पार्टीद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा सहभागी हुने,

(घ) तोकिएको समयमा सदस्यता नवीकरण गर्ने,

(ङ) धारा- १०(१) को योग्यता पूरा गरी सङ्गठित सदस्यताका लागि आवेदन गर्न सक्ने ।

## धारा – १०. सङ्गठित सदस्य

**(१) सङ्गठित सदस्यको योग्यता देहायबमोजिम हुनेछः**

(क) धारा- ९(१) को योग्यता पुगेको,

(ख) पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिप्रति प्रतिबद्ध तथा विधानलाई निःशर्त स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रहेको,

(ग) कम्युनिष्ट आचरण र नैतिकताको पालना गर्न, सार्वजनिक जवाफदेहिता बहन गर्न र पारदर्शी जीवनशैली अपनाउन प्रतिबद्ध रहेको,

(घ) धारा-९ बमोजिम सदस्यता प्राप्त गरी पार्टी समर्थक समूह वा जनवर्गीय सङ्गठन वा सम्पर्क मञ्चमा सङ्गठित भई कम्तिमा एक वर्ष काम गरेको,

(ङ) पार्टीको विधानमा व्यवस्था भएका कुनै पनि समितिमा संगठित भई काम गर्न तथा नियमित आर्थिक सहयोग लेवी बुझाउन मञ्जुर गरेको ।

**(२) सङ्गठित सदस्यता प्राप्त गर्ने प्रक्रिया देहायबमोजिम हुनेछ :**

(क) सङ्गठित सदस्य हुन योग्यता पुगेको व्यक्तिले अनुसूची-५ को ढाँचामा दुईजना सङ्गठित सदस्यको सिफारिससहित आफू रहेको वडा वा उपशाखा समितिमा आवेदन दिने,

(ख) वडा वा उपशाखा समितिले आवश्यक छानविन गरी धारा-१० (१) को योग्यता पुगेको भए सङ्गठित सदस्यता प्रदान गर्न सिफारिससहित उक्त आवेदन नगर/गाउँ समितिमा पठाउने,

(ग) नगर/गाउँ समितिले आवश्यक छानविन गरी योग्यता पुगेको आवेदकलाई तोकिए बमोजिमको शुल्क लिएर संगठित सदस्यता प्रदान गर्ने निर्णय गरी अनुमोदनका लागि प्रदेश समितिमा पठाउने,

(घ) प्रदेश समितिले आवश्यक छानविन गरी योग्यता र प्रक्रिया पुगेको भए अनुमोदन गरी संगठित सदस्यता नम्बरका लागि केन्द्रीय समितिमा पठाउने,

(ङ) केन्द्रीय संगठन विभागले संगठित सदस्यता नम्बर प्रदान गरी अभिलेख राख्ने । उक्त नम्बर र अभिलेखलाई प्रदेश समिति मार्फत् मातहत समितिहरुमा पठाउने,

(च) विभिन्न पार्टी वा समूहबाट समूहगत वा व्यक्तिगत रूपमा पार्टी प्रवेश गरेका देशभक्त, प्रगतिशील, क्रान्तिकारी आन्दोलनमा सहयोगी भूमिका खेल्दै आएका र सामाजिक रूपमा प्रतिष्ठित व्यक्तिलाई प्रदेश समितिको सिफारिसमा केन्द्रीय समितिले सङ्गठित सदस्यता प्रदान गर्न सक्नेछ । पार्टी केन्द्रसँग एकता भएका घटकहरुको सम्बन्धमा पार्टी केन्द्रीय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(छ) सङ्गठित सदस्यताका सम्बन्धमा विवाद उत्पन्न भएमा प्रदेश समितिले छानविन गरी निर्णय गर्नेछ ।

**(३) सङ्गठित सदस्यका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) पार्टीको कुनै पनि समितिमा सङ्गठित भई काम गर्ने,

(ख) पार्टीको बैठक, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने, नीति तथा निर्णयमा मतदान गर्ने र सम्बन्धित समितिमा आफ्नो मत जाहेर गर्ने,

(ग) पार्टीबाट सङ्गठित सदस्यका निम्ति जारी गरिएका निर्देशन, निर्णय र दस्तावेजहरू प्राप्त गर्ने, अध्ययन गर्ने र तिनको पालना एवम् कार्यान्वयन गर्ने,

(घ) पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिको दृढतापूर्वक अनुशरण गर्दै आफ्नो जिम्मेवारी पूरा गर्ने,

(ङ) पार्टीद्वारा आयोजित कार्यक्रम, उत्पादनशील काम, विकास निर्माणलगायत जनसरोकारका क्रियाकलापमा सक्रिय रहने,

(च) तोकिएको सदस्यता शुल्क एवम् लेबी नियमित रूपमा सम्बन्धित समितिमा बुझाउने र सङ्गठित सदस्यता नवीकरण गर्ने,

(छ) रुढीवाद, अन्धविश्वास, सामाजिक विकृति, उत्पीडन र विभेदका विरुद्ध सङ्घर्ष गर्ने,

(ज) सर्वहारा श्रमजीवि वर्गको हक हितको पक्षमा निरन्तर संघर्षरत रहने,

(झ) पार्टी अनुशासन पालना गर्दै पार्टीको एकता, गोपनीयता, हित र प्रतिष्ठालाई जोगाइराख्न क्रियाशील रहने,

(ञ) आफूमाथि भएको कुनै पनि कारबाही चित्त नबुझेमा कारणसहित कारबाही गर्ने समितिभन्दा माथिल्लो समितिमा र केन्द्रीय समितिको कारबाही चित्त नबुझेमा केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सक्ने ।

## धारा – ११ सदस्यता वा सङ्गठित सदस्यताको समाप्ति

**(१) देहायको अवस्थामा पार्टीको सदस्यता वा सङ्गठित सदस्यता समाप्त हुनेछः**

(क) स्वेच्छाले सदस्यता परित्याग गरेमा,

(ख) समितिको अनुमतिबिना लगातार एक वर्षभन्दा बढी पार्टी काममा संलग्न नरहेमा,

(ग) सर्वहारा श्रमजीवि वर्गको हकहित विपरित कार्य गरेको ठहर आधारमा पार्टीले अनुशासनको कारबाही गरी सदस्य वा सङ्गठित सदस्यबाट निष्काशन गरेमा,

(घ) तोकिएको समयमा सदस्यता वा सङ्गठित सदस्यता नवीकरण नगरेमा ।

(ङ) पार्टी परिवर्तन गरेमा,

(च) आफ्नो संलग्नतामा नयाँ पार्टी गठन गरेमा ।

## धारा – १२. सदस्यता वा सङ्गठित सदस्यता पुनः प्राप्ति

धारा-१० (१) बमोजिम सदस्यता गुमाएको व्यक्तिले आत्मालोचनासहित सदस्यता पुनः प्राप्तिको निम्ति निवेदन दिएमा वा सम्बन्धित समितिले उचित ठानेमा पुनः सदस्यता प्रदान गर्न सक्नेछ ।

## धारा – १३. सदस्यता कायम

(१) नेपाली कम्युनिष्ट आन्दोलनका कुनै पनि घटक वा समूहका सदस्यता वा सङ्गठित सदस्यता कायम रहेको व्यक्तिले प्रमाणसहित पार्टी प्रवेश गरेमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरेपछि निजको सदस्यता वा सङ्गठित सदस्यता कायम हुन सक्नेछ ।

(२) उपधारा १ बमोजिम सदस्यता वा सङ्गठित सदस्यता कायम गर्नुअघि सम्बन्धित समितिले छानविन गरी निर्णय गर्नुपर्नेछ ।

(३) शारीरिक अवस्था कमजोर भएका वा राजनीतिक वा झुट्टा मुद्दामा जेल परेका सङ्गठित सदस्य पार्टीप्रति निष्ठावान रहँदासम्म निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

(४) पार्टीबाट विशेष काममा खटाइएको वा विशेष काममा रहेका सङ्गठित सदस्य, पार्टी प्रति निष्ठावान रहँदासम्म निजको सङ्गठित सदस्यता कायम रहनेछ ।

## धारा – १४. सदस्यताको अभिलेख र नवीकरण

(१) सङ्गठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख र सदस्यको सङ्ख्यात्मक अभिलेख केन्द्रीय सङ्गठन विभागमा रहनेछ ।

(२) सबै तहका समितिहरूमा आ-आफ्नो कार्यक्षेत्रभित्रका सङ्गठित सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख र सदस्यको सङ्ख्यात्मक अभिलेख रहनेछ ।

(३) सदस्यको व्यक्तिगत विवरणसहितको अभिलेख सदस्यता प्रदान गर्ने समिति र प्रदेश समितिमा रहनेछ ।

(४) पार्टी एकता वा प्रवेश भएको अवस्थामा छ महिनाभित्र सङ्गठित सदस्यको अभिलेख एकीकृत गरी सदस्यता नम्बर निर्धारण गरिनेछ ।

(५) प्रत्येक वर्ष सम्बन्धित समितिमा तोकिएबमोजिमको शुल्क बुझाई सङ्गठित सदस्यता नवीकरण गर्नुपर्नेछ ।

(६) सदस्यले तोकिएबमोजिम सदस्यता नवीकरण गर्नुपर्नेछ ।

**धारा – १५. सदस्यता प्रमाण–पत्र**

(१) सदस्यलाई अनुसूची- ७ बमोजिमको सदस्यता प्रमाण-पत्र प्रदान गरिनेछ ।

(२) सङ्गठित सदस्यलाई अनुसूची-८ बमोजिमको सङ्गठित सदस्यता प्रमाण-पत्र प्रदान गरिनेछ ।

## भाग – चार
## केन्द्रीय निकाय

**धारा – १६ केन्द्रीय निकायहरू**

**(१) पार्टीका केन्द्रीय निकायहरू देहायबमोजिम हुनेछन् :**

(क) राष्ट्रिय महाधिवेशन,

(ख) राष्ट्रिय परिषद्,

(ग) केन्द्रीय समिति,

(घ) केन्द्रीय अनुशासन आयोग,

(ङ) केन्द्रीय लेखापरीक्षण आयोग,

(च) केन्द्रीय निर्वाचन आयोग,

(छ) केन्द्रीय सल्लाहकार परिषद्,

(ज) केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च ।

**धारा – १७. राष्ट्रिय महाधिवेशन**

(१) एकताको राष्ट्रिय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ ।

(२) राष्ट्रिय महाधिवेशन प्रत्येक पाँच वर्षमा सम्पन्न गरिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थितिमा केन्द्रीय समितिले यसको स्पष्टीकरणसहित बढीमा ६ महिनासम्म राष्ट्रिय महाधिवेशनको समय सार्न सक्नेछ ।

(४) २०७५ जेठ ३ गते नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच एकीकरण भई २०७७ फागुन २३ गतेसम्म नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को रुपमा कार्यरत रहेकोले उक्त समयावधि उपदफा २ को सन्दर्भमा गणना गरिने छैन ।

(५) महाधिवेशनको स्थान, मिति र प्रतिनिधित्व केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

(६) महाधिवेशन आफैंले महाधिवेशन सञ्चालनका लागि आवश्यक विधि, प्रक्रिया र संरचना तय गर्नेछ ।

(७) राष्ट्रिय महाधिवेशनले पार्टीको विधान, राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रतिवेदन र आवश्यक अन्य प्रस्तावहरू पारित गर्नेछ ।

(८) केन्द्रीय समिति, केन्द्रीय निकाय र तिनका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन राष्ट्रिय महाधिवेशनबाट पारित विधान बमोजिम हुनेछ ।

(९) पार्टी एकीकरण गरिएको सन्दर्भमा एकीकरण सम्बन्धी संयुक्त भेला वा केन्द्रीय समितिहरुको संयुक्त अधिवेशनले निर्णय गरेबमोजिम राष्ट्रिय महाधिवेशनको आयोजना हुनेछ ।

## धारा – १८. केन्द्रीय समिति

(१) केन्द्रीय समिति दुई राष्ट्रिय महाधिवेशन बीचको पार्टीको सर्वोच्च अंग हुनेछ ।

(२) केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(३) राष्ट्रिय महाधिवेशनबाट नयाँ केन्द्रीय समिति निर्वाचित भएपछि पुरानो केन्द्रीय समिति स्वतः विघटन हुनेछ ।

**(४) राष्ट्रिय महाधिवेशनसम्मका लागि केन्द्रीय समिति, पोलिटब्युरो र स्थायी समितिमा देहायबमोजिम पदाधिकारी र सदस्यहरू रहनेछन्:**

(क) अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिवहरु, सचिवहरु र कोषाध्यक्ष समेतका पदाधिकारी हुनेछन् । केन्द्रीय समिति २९९ सदस्यीय हुनेछ । तर केन्द्रीय समितिले आवश्यक ठानेमा कुल केन्द्रीय समितिको बढीमा १५ प्रतिशतसम्म समावेशी मान्यताको आधारमा केन्द्रीय सदस्य र बढीमा २५ प्रतिशतसम्म वैकल्पिक केन्द्रीय सदस्य मनोनित गर्न सक्ने छ,

(ख) केन्द्रीय समितिको कूल सदस्य सङ्ख्याको बढीमा एकतिहाई सदस्य रहेको पोलिटब्युरो,

(ग) पोलिट्व्यूरोको कूल सदस्यको बढीमा एकतिहाई सदस्य रहेको स्थायी समिति,

(घ) दैनिक कार्य सञ्चालनका लागि अध्यक्षको नेतृत्वमा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, महासचिव, उपमहासचिवहरु, सचिवहरु र कोषाध्यक्ष रहेको एक केन्द्रीय कार्यालय रहने छ ।

(ङ) केन्द्रीय कार्यालयको दैनिक प्रशासनिक कार्यहरु सम्पादन गर्नका लागि महासचिवको नेतृत्वमा उपमहासचिवहरु, सचिवहरु र कोषाध्यक्ष रहेको एक केन्द्रीय सचिवालय रहने छ ।

**(५) केन्द्रीय समितिको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) नेपाली समाजवादी क्रान्ति, वर्ग संघर्ष, सामाजिक आर्थिक रुपान्तरण र समृद्धिको पक्षमा समग्र पार्टी पंक्तिको नेतृत्व गर्ने,

(ख) आफुहरु मध्येबाट अध्यक्ष, पदाधिकारीहरु, स्थायी समिति र पोलिट्व्यूरो गठन गर्ने, पदाधिकारी, स्थायी समिति र पोलिट्व्यूरो गठन गर्दा समावेशी मान्यताको आधारमा गर्ने,

(ग) आवश्यक विषयमा पार्टीको दृष्टिकोण, नीति, योजना तथा कार्यक्रम तय गर्ने र पार्टीका नीति तथा निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(घ) केन्द्रीय पार्टी स्कूल सञ्चालन गर्ने,

(ङ) पार्टीका दस्तावेज, केन्द्रीय मुखपत्र र अन्य आवश्यक सामग्री सम्पादन तथा प्रकाशन गर्ने,

(च) सदस्य, सङ्गठित सदस्य, मातहत समिति र पार्टीबाट सरकार, संसद् तथा विशेष जिम्मेवारीमा भएका व्यक्तिहरूलाई लेबी एवम् शुल्क तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

(छ) केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूको बरियताक्रम निर्धारण र कार्यविभाजन गर्ने,

(ज) सिद्धान्त, नीति र कार्यक्रमका विषयमा बहस गर्नुपर्ने आवश्यकता महशुस भएमा छुट्टै बैठक वा कार्यशाला आयोजना गर्ने,

(झ) पार्टीका मातहत समिति, सङ्गठित सदस्य र सदस्यलाई आवश्यक निर्देशन दिने र तिनका कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ञ) पार्टीसम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सङ्गठनहरूलाई नीतिगत नेतृत्व दिने,

(ट) मातहत समितिबाट अनुशासनको कारबाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि आवश्यक छानविन गरी निर्णय दिने,

(ठ) पार्टीको एकता, हित र सुरक्षामा खलल पार्ने मातहतका कुनै पनि समितिका निर्णयलाई बदर गर्ने, आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा पार्टी निर्देशन पालना नगर्ने

समितिलाई विघटन गर्ने र सङ्गठित सदस्य तथा सदस्यलाई आवश्यक कारबाही गर्ने,

(ड) सङ्घीय संसद्, नेपाल सरकार, प्रदेशसभा, प्रदेश सरकार र स्थानीय तह सञ्चालनका लागि आवश्यक नीति निर्माण र नेतृत्व प्रदान गर्ने,

(ढ) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको भाइचारा र मैत्रीपूर्ण सम्बन्ध स्थापना, बिस्तार र सञ्चालन गर्ने,

(ण) जनता र राष्ट्रको पक्षमा विशिष्ट योगदान गरेका व्यक्तित्वहरूलाई सम्मान स्वरूप मानार्थ सदस्यता प्रदान गर्न सक्ने,

(त) राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी भएर केन्द्रीय अनुशासन आयोग, केन्द्रीय निर्वाचन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग गठन गर्ने र आवश्यक संख्यामा पार्टीका केन्द्रीय विभागहरु गठन गरी सञ्चालन गर्ने,

(थ) पार्टीमा एकताबद्ध हुने वा प्रवेश गर्ने समूह वा व्यक्तिहरु मध्येबाट केन्द्रीय समितिमा बढीमा १० प्रतिशतसम्म सदस्य मनोनीत गर्ने,

(द) पार्टी एकता र एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने,

(ध) पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्न केन्द्रीय प्रवक्ता तोक्ने,

(न) पार्टीको कोष सञ्चालन गर्ने,

(प) यस विधानमा उल्लेख नगरिएका विषय देखा परेमा र विशिष्ठ परिस्थिति पैदा भएमा त्यस सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(फ) कुनै खास बिषयमा राष्ट्रिय सम्मेलन वा राष्ट्रिय भेला वा विस्तारित बैठकको आयोजना गर्न सक्ने,

(ब) केन्द्रीय समितिले गर्नुपर्ने र यस विधानको अन्य धाराले केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएका कार्यहरु गर्ने ।

**(६) पोलिट्ब्युरोको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) केन्द्रीय समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने ।

(ख) समसामयिक विषयमा पार्टीको नीति तथा दृष्टिकोण तय गर्ने,

(ग) केन्द्रीय समितिको बैठकसमक्ष आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

(घ) आफूले गरेका निर्णयहरू अनुमोदनका लागि केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,

(ङ) केन्द्रीय समितिप्रति उत्तरदायी रहने,

(च) केन्द्रीय समितिले तोकिएका र पोलिट्व्यूरोले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने।

**(७) स्थायी समितिको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) पोलिट्ब्युरोका दुई बैठकहरु बीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने,

(ख) आफूले गरेका निर्णयहरू अनुमोदनका लागि पोलिट्ब्युरो र केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,

(ग) पोलिट्ब्युरो र केन्द्रीय समितिको बैठकमा आफ्नो कामको प्रतिवेदन पेश गर्ने,

(घ) केन्द्रीय समिति र पोलिट्ब्युरोप्रति उत्तरदायी रहने,

(ङ) केन्द्रीय समिति र पोलिट्ब्युरोले तोकेको र स्थायी समितिले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने ।

**(८) केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) केन्द्रीय कार्यालय सञ्चालन गर्ने,

(ख) केन्द्रीय स्तरका कार्ययोजना वा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ग) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिको बैठकका लागि कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

(घ) समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिका निर्णयहरुलाई कार्यान्वयन गर्नका लागि परिपत्र र निर्देशन जारी गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठि आदिमा प्रतिनिधि पठाउने,

(छ) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिले तोकेका र केन्द्रीय कार्यालयले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने ।

**(९) केन्द्रीय सचिवालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) केन्द्रीय कार्यालयको व्यवस्थापन गर्ने,

(ख) लगतहरुको अभिलेखिकरण गर्ने,

(ग) आर्थिक व्यवस्थापन गर्ने,

(घ) कार्यालयका भौतिक सम्पत्तिहरुको संरक्षण गर्ने,

(ङ) कार्यालयको निम्ति आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने,

(च) केन्द्रीय विभाग, मातहत समिति, संसदीय दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र ती प्रतिवेदनहरु केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयमा प्रस्तुत गर्ने ।

**(१०) अध्यक्षको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) पार्टीको प्रमुख नेताका हैसियतले समग्र पार्टीको नेतृत्व गर्ने,

(ख) राष्ट्रिय परिषद्, केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति, विस्तारित बैठकहरु र केन्द्रीय कार्यालयको बैठकको अध्यक्षता गर्ने,

(ग) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिहरुका बैठकमा केन्द्रीय कार्यालयको तर्फबाट र राष्ट्रिय महाधिवेशन, राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला र राष्ट्रिय परिषद्को बैठकमा केन्द्रीय समितिका तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला, केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(ङ) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधान कार्यान्वयन गर्ने र गराउने,

(च) पार्टीका आधिकारिक निर्देशन र पत्राचारहरुमा हस्ताक्षर गर्ने ।

(छ राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका सम्मेलन र भेलाहरुमा पार्टीको प्रतिनिधित्व गर्ने,

(ज) केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिले तोकेका अन्य कार्यहरू गर्ने,

(झ) राज्यका केन्द्रीय सरकारी निकायहरुमा पार्टीको तर्फबाट गर्नुपर्ने प्रतिनिधित्व र हस्ताक्षर गर्ने ।

**(११) वरिष्ठ उपाध्यक्षको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका अन्य अधिकारहरूको प्रयोग गरी कार्य गर्ने,

(घ) अध्यक्षको कार्यहरूमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्यूरो, स्थायी समिति तथा केन्द्रीय कार्यालयले तोकेका अन्य कार्यहरू गर्ने,

**(१२) उपाध्यक्षको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) बरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा बरिष्ठ उपाध्यक्षले गर्ने सबै कार्यहरु गर्ने,

(ख) अध्यक्ष र बरिष्ठ उपाध्यक्षले प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) अध्यक्ष र बरिष्ठ उपाध्यक्षका कार्यहरुको सहयोग गर्ने र आबस्यक परामर्सहरु दिने,

(घ) एक भन्दा बढि उपाध्यक्षहरु भएमा उपाध्यक्षहरु विचमा कार्यविभाजन गर्ने,

(ङ) केन्द्रिय समिति, पोलिट व्युरो, स्थायी समिति र केन्द्रिय कार्यालयले गरेका निर्णयहरु कार्यान्वयन गर्ने,

**(१३) महासचिवको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) अध्यक्षको निर्देशनमा राष्ट्रिय परिषद्, केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयको बैठकका कार्यसूचीको प्रस्ताव तयार गर्ने र बैठक बोलाउने,

(ख) अध्यक्षको निर्देशनमा पार्टीका नीति एवम् निर्णयको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी केन्द्रीय समिति, पोलिट्ब्यूरो, स्थायी समिति र केन्द्रीय कार्यालयको बैठक समक्ष प्रस्तुत गर्ने,

(ग) राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला, केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिका बैठकहरुमा केन्द्रीय कार्यालयको तर्फबाट र राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय परिषद्को बैठकमा केन्द्रीय समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयका निर्णयहरू कार्यान्वयन गर्न अध्यक्षको निर्देशन पालना गर्ने,

(ङ) पार्टीको केन्द्रीय कार्यालय र सचिवालय व्यवस्थापनको नेतृत्व र निर्देशन दिने,

(च) केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयले तोकेका अन्य कार्यहरू गर्ने ।

(छ) केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुको कामको निरीक्षण, अनुगमन, मूल्यांकनको विधि तय गरी वृत्ति विकास र प्रशिक्षणको लागि आवश्यक योजना निर्माण गरी कार्यान्वयन गर्ने, गराउने ।

**(१४) उपमहासचिवको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने सम्पूर्ण कार्यहरु गर्ने,

(ख) महासचिवले प्रत्यायोजन गरेका अधिकारहरूको प्रयोग गरी कार्य गर्ने,

(ग) महासचिवको कार्यमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(घ) केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यालयले तोकेका अन्य कार्यहरु गर्ने,

(ङ) एकभन्दा बढी उपमहासचिवहरु भएमा उपमहासचिवहरुको बिच कार्यविभाजन गर्ने,

**(१५) सचिवको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) उपमहासचिवको अनुपस्थितिमा उपमहासचिवले गर्ने सबै कार्यहरु गर्ने,

(ख) महासचिव र उपमहासचिवले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) महासचिव र उपमहासचिवका कार्यहरुमा सहयोग गर्ने र आवश्यक परामर्शहरु दिने,

(घ) एक भन्दा बढी सचिवहरु भएमा सचिवहरु बिचमा कार्य विभाजन गर्ने,

(ङ) केन्द्रीय समिति, पोलिट्ब्यूरो, स्थायी समिति र केन्द्रीय कार्यालयले गरेका निर्णयहरु कार्यन्वयन गर्ने,

**(१६) कोषाध्यक्षको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् :**

(क) अध्यक्षको निर्देशनमा कोषको संकलन, कोषको स्थापना र कोषको रेखदेख, कोषको संरक्षण, आयव्ययको विवरण, लेखा व्यवस्थापन, कोषको सञ्चालन र खर्चको व्यवस्थापन गर्ने,

(ख) पार्टीको सम्पत्तिको अभिलेख राखी त्यसको संरक्षण, स्याहार सम्भार, मर्मत र परिचालनको व्यवस्था गर्ने ।

(ग) पार्टीका बैठकहरुमा आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) आर्थिक अनुशासन र पारदर्शिता कायम राख्ने,

(ङ) श्रम तथा उत्पादनमूलक आर्थिक कार्यक्रमहरु तर्जुमा गर्ने,

(च) लेवी, कोटा नियमित र व्यवस्थित गर्ने,

(छ) लेखा परीक्षण आयोगले दिएका नीति निर्देशनहरुको कार्यान्वयन गर्ने,

**(१७) प्रवक्ताका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) राष्ट्रिय महाधिवेशन, राष्ट्रिय सम्मेलन, राष्ट्रिय परिषद, राष्ट्रिय भेला, केन्द्रीय समिति, पोलिट्ब्युरो, स्थायी समिति र केन्द्रीय कार्यायलका बैठकका निर्णयहरू सार्वजनिक गर्ने,

(ख) पार्टीका आधिकारिक नीति, निर्णय एवम् धारणाहरु सार्वजनिक गर्ने ।

## धारा – १९. राष्ट्रिय परिषद्

**(१) देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहेको राष्ट्रिय परिषद् रहनेछः**

(क) केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू,

(ख) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोगका पदाधिकारी र सदस्यहरू,

(ग) केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र सदस्यहरू,

(घ) प्रदेश समितिका पदाधिकारी र सचिवालय सदस्यहरू,

(ङ) जिल्ला समन्वय समितिका संयोजकहरू,

(च) महानगर समितिका अध्यक्षहरु,

(छ) केन्द्रीय विभागका सचिवहरू,

(ज) पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सङ्गठनका केन्द्रीय अध्यक्ष वा संयोजक वा प्रमुखहरु,

(झ) उपर्युक्त पदेन सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय समितिबाट मनोनित पार्टीका सदस्यहरू ।

(ज) राष्ट्रिय परिषद्को बैठक प्रत्येक वर्ष आयोजना गरिनेछ । विशेष परिस्थितिमा केन्द्रीय समितिले आवश्यक ठानेमा अगाडि वा पछाडि पनि आयोजना गर्न सक्नेछ ।

**(२) राष्ट्रिय परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) आयोगका अध्यक्षले राजिनामा दिएमा उक्त राजिनामा स्वीकृत गर्ने,

(ख) केन्द्रीय समितिका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ग) केन्द्रीय आयोगका तर्फबाट प्रस्तुत प्रतिवेदनहरुमाथि छलफल गरी सुझाव दिने,

(घ) केन्द्रीय आयोगका कुनै पदाधिकारी वा सदस्यले पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानविपरीत काम गरेमा निजलाई पदमुक्त गर्ने वा अनुशासनको कारबाही गर्ने र त्यस्तो निर्णय अनुमोदनका लागि राष्ट्रिय महाधिवेशनसमक्ष प्रस्तुत गर्ने,

(ङ) आयोगका रिक्त पदाधिकारीहरुको नियुक्ति गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका समसामयिक बिषयहरुमा प्रस्तावहरू पारित गर्ने ।

## धारा – २०. केन्द्रीय अनुशासन आयोग

(१) पार्टीको अनुशासनसम्बन्धी कार्यसम्पादन गर्न राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय अनुशासन आयोग रहनेछ ।

(२) आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

(३) आयोगमा अध्यक्ष र सचिवसहित २५ सदस्य रहनेछन् ।

(४) आयोगका अध्यक्षको मर्यादा स्थायी समिति सदस्य सरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुनेछ ।

(५) केन्द्रीय अनुशासन आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) कुनै पनि पार्टी समिति वा सदस्यले केन्द्रीय समितिबाट आफूमाथि भएको कारबाहीमा चित्त नबुझी दिएको पुनरावेदन ग्रहण गर्ने, आवश्यक छानविन तथा फैसला गर्ने र त्यसको कार्यान्वयनका लागि केन्द्रीय समितिमार्फत् वा सिधै सम्बन्धित समितिलाई निर्देशन दिने,

(ख) पार्टीका केन्द्रीय निकायका पदाधिकारी तथा सदस्यहरूले पार्टी अनुशासन, निर्णय र निर्देशनको पालना गरे वा नगरेको अनुगमन गर्ने र गल्ती गर्नेमाथि अनुशासनको कारवाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिने,

(ग) तोकिएबमोजिम पार्टी समितिका पदाधिकारी एवम् सदस्यहरू र पार्टीका तर्फबाट जनप्रतिनिधिमूलक संस्था एवम् लाभको पदमा रहेर काम गर्ने पार्टी सदस्यहरूको नियुक्ति हुादा, बहाल रहादा र अवकाश पाउादाको सम्पत्ति विवरण लिने, आवश्यकताअनुसार छानविन, अद्यावधिक र सार्वजनिक गर्ने,

(घ) आयोगका सचिव तथा कुनै पनि सदस्यहरूले अध्यक्ष समक्ष राजिनामा दिएमा स्वीकृत गर्ने,

(ङ) आयोगमा विचाराधीन मुद्दाको अनुसन्धान गर्ने सन्दर्भमा सम्बन्धित समितिका बैठकमा उपस्थित हुन सक्ने,

(च) अनुशासनको कारबाही र पुनरावेदनसाग सम्बन्धित निर्णयको लिखित जानकारी सरोकारवाला व्यक्ति तथा सम्बन्धित समितिलाई र सबै किसिमका निर्णयहरूको जानकारी केन्द्रीय समितिलाई दिने,

(छ) आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला र केन्द्रीय समितिसमक्ष प्रस्तुत गर्ने,

(ज) आयोगका अध्यक्षले केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिका बैठकमा भाग लिने, सचिव र सदस्यहरुले केन्द्रीय समितिका बैठकहरुमा सहभागी हुनेछन् ।

(झ) आवश्यकता अनुसार पार्टीका सम्बन्धित तहमार्फत् प्रदेशका अनुशासन विभागसाग समन्वय र सम्पर्क गर्ने ।

(ञ) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

## धारा – २१. केन्द्रीय लेखापरीक्षण आयोग

**(१)** पार्टीको आन्तरिक लेखापरीक्षण गर्न राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय लेखापरीक्षण आयोग रहनेछ ।

**(२)** आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी रहनेछ ।

**(३)** आयोगमा अध्यक्ष र सचिवसहित २५ सदस्य रहनेछन् ।

**(४)** आयोगका अध्यक्षको मर्यादा स्थायी समिति सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय समितिका सदस्यसरह हुनेछ ।

**(५)** केन्द्रीय लेखापरीक्षण आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समन्वय समिति, नगर/गाउँ समिति र पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक सङ्गठनहरूको केन्द्रीय तहको आय-व्ययको लेखापरीक्षण गरी सुझावसहितको प्रतिवेदन तयार पार्ने र कार्यान्वयनका लागि सम्बन्धित समितिमा प्रस्तुत गर्ने,

(ख) लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी आवश्यक नीति-नियम बनाई निर्णय र कार्यान्वयनका लागि केन्द्रीय समितिमा पेस गर्ने,

(ग) केन्द्रीय कार्यालयसँग समन्वय गरी लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने,

(घ) लेखापरीक्षणसम्बन्धी कामका सन्दर्भमा सम्बन्धित समितिको बैठकमा उपस्थित हुन सक्ने,

(ङ) आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला र केन्द्रीय समिति समक्ष प्रस्तुत गर्ने,

(च) आयोगका सचिव वा कुनै पनि सदस्यहरूले राजीनामा दिएमा स्वीकृत गर्ने,

(छ) आयोगका अध्यक्षले केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिका बैठकमा भाग लिने, सचिव तथा सदस्यहरुले पार्टीको केन्द्रीय समितिका बैठकहरुमा सहभागी हुने,

(ज) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

## धारा – २२. केन्द्रीय निर्वाचन आयोग

**(१)** पार्टीको आन्तरिक निर्वाचन गर्न राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय निर्वाचन आयोग रहनेछ ।

**(२)** आयोग राष्ट्रिय महाधिवेशनप्रति उत्तरदायी हुनेछ ।

**(३)** आयोगमा अध्यक्ष र सचिवसहित २५ सदस्य रहनेछन् ।

**(४)** आयोगका अध्यक्षको मर्यादा स्थायी समिति सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुनेछ ।

**(५)** केन्द्रीय निर्वाचन आयोगका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) पार्टीको आन्तरिक निर्वाचनसम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने र गराउने,

(ख) प्रदेश र स्थानीय तहका पार्टी समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गराउने,

(ग) पार्टीसम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक सङ्गठनका केन्द्रीय निकायहरुको निर्वाचन गराउने,

(घ) आफूले गराउने निर्वाचनका लागि सम्बन्धित पार्टी समितिको सहयोगमा आवश्यक जनशक्ति परिचालन गर्ने,

(ङ) आफ्ना कामको प्रतिवेदन राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्, राष्ट्रिय सम्मेलन, राष्ट्रिय भेला र केन्द्रीय समिति समक्ष प्रस्तुत गर्ने,

(च) आयोगका अध्यक्ष, सचिव र सदस्यहरूको राजिनामामा स्वीकृत गर्ने र निजहरूमाथि अनुशासनको कारबाही गर्ने,

(छ) आयोगका अध्यक्षले केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिका बैठकमा भाग लिने, आयोगका सचिव तथा सदस्यले केन्द्रीय समितिको बैठकहरुमा सहभागी हुने,

(ज) पार्टी संगठनको निर्वाचन सम्बन्धित विवादको अन्तिम निर्णय लिने,

(झ) यस विधानमा अन्यत्र उल्लेख गरिएका कार्यहरू गर्ने ।

## धारा – २३. आयोगहरू स्वायत्त निकाय रहनेछ

(१) केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग र केन्द्रीय निर्वाचन आयोग स्वायत्त निकाय हुनेछन् । यी आयोगहरूले विधानको अधीनमा रही आफ्नो कार्यसम्पादन नियमावली आफैँ बनाई स्वतन्त्र ढङ्गले काम गर्नेछन् ।

(२) आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै समिति, विभाग, निकाय वा जनवर्गीय, पेशागत, मोर्चा सङ्गठनमा सङ्गठित हुने छैनन् ।

## धारा – २४. केन्द्रीय सल्लाहकार समिति

(१) पार्टी केन्द्रीय समितिलाई आवश्यक सल्लाह दिनका लागि केन्द्रीय समितिमा कार्य गरिसकेका, पार्टीमा लामो समयदेखि योगदान पुऱ्याउँदै आइरहेका वरिष्ठ व्यक्तित्वहरु र विषय विज्ञहरु समेत रहेको एक सल्लाहकार समिति गठन गरिने छ ।

(२) केन्द्रीय समितिले अध्यक्ष, सचिव र सदस्यसहित बढीमा १४९ जना सम्मको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

(३) सल्लाहकार समितिका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

(ख) सचिवले अध्यक्षको निर्देशनमा परिषद्को बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

(ग) केन्द्रीय समितिलाई विभिन्न विषयमा सल्लाह तथा सुझाव दिने ।

(४) अध्यक्षको मर्यादा स्थायी समिति सदस्यसरह, सचिव र सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्यसरह हुनेछ ।

(५) अध्यक्षले केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिको बैठकमा भाग लिनेछन् ।

## धारा – २५. केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्च

(१) केन्द्रीय समितिले कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान गरेका अनुभवी व्यक्तिहरु रहेको ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्न सक्नेछ ।

(२) जेष्ठ कम्युनिष्ट मञ्चमा केन्द्रीय समितिको कूल सदस्य संख्याको ५० प्रतिशत नबढ्ने गरी अध्यक्ष, सचिव र आवश्यक सङ्ख्यामा सदस्यहरु रहनेछन् ।

(३) केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) अध्यक्षले पार्टी अध्यक्षसँग परामर्श गरी बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने,

(ख) सचिवले अध्यक्षको निर्देशनमा मञ्चको बैठक बोलाउने र बैठक सञ्चालन गर्ने,

(ग) मञ्चका पदाधिकारी एवम् सदस्यले आफ्ना अनुभवद्वारा युवा पुस्तालाई प्रशिक्षित र उत्प्रेरित गर्ने ।

(घ) मञ्चले पार्टी निर्माण र आन्दोलनको विकासको क्रममा प्राप्त अनुभव तथा शिक्षाहरुद्वारा पार्टीलाई समृद्ध गर्न सहयोग र प्रेरित गर्ने ।

(४) अध्यक्षको मर्यादा स्थायी समिति सदस्य सरह र सचिव तथा सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुनेछ ।

(५) अध्यक्षले केन्द्रीय समिति, पोलिट्ब्युरो र स्थायी समितिको बैठकमा भाग लिनेछन् ।

## भाग – पाँच

## प्रदेश, विशेष समिति, सम्पर्क समन्वय समिति

### धारा – २६. प्रदेश समिति

(१) प्रदेशमा प्रदेश अधिवेशनबाट निर्वाचित प्रदेश समिति रहनेछ ।

(२) प्रदेश समितिमा अध्यक्ष, उपाध्यक्ष ३ जना, सचिव, सहसचिव ३ जना र कोषाध्यक्ष गरी ९ सदस्यीय पदाधिकारी हुनेछ । भौगोलिक प्रदेश समितिहरु प्रदेश अन्तर्गतका नगर/गाउँपालिकाहरुको जनघनत्वको आधारमा निम्न प्रकार रहनेछ : प्रदेश नं. १ - २५९, प्रदेश नं. २- २७१, बागमति प्रदेश-२७५, गण्डक प्रदेश- २२९, लुम्विनी प्रदेश- २५३, कर्णाली प्रदेश- २११, सुदुरपश्चिम प्रदेश- २२३ र विशेष प्रकृतिका गैरभौगोलिक प्रदेशहरु सबै १७५/१७५ आकारको रहनेछ।

(३) प्रदेश समितिका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

(क) पदाधिकारी सहित आफ्नो समितिको कूल सदस्य सङ्ख्याको बढीमा एक तिहाई सदस्य रहेको सचिवालय र बढीमा नौ सदस्य रहेको कार्यालय गठन गर्नु पर्नेछ,

(ख) नियमित रुपमा बैठक बसी आफ्नो प्रदेशको पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

(ग) केन्द्रीय समितिका निर्देशन र आफ्नो समितिका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

(घ) सम्बन्धित प्रदेशको शोषित, पीडित श्रमजीवी वर्ग एवम् समुदायको हक, हित, अधिकार एवम् न्यायको पक्षमा सघंर्ष गर्ने, सम्बन्धित प्रदेशको समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

(ङ) आफ्नो समिति र मातहतका नेता-कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कूल र प्रशिक्षण सञ्चालन गर्ने,

(च) प्रदेश सभा, प्रदेश सरकार र स्थानीय तहमा कार्यरत पार्टी नेता तथा कार्यकर्तालाई राजनीतिक नेतृत्व प्रदान गर्ने, उहाँहरूलाई पार्टीको नीति अनुसारको निर्देशन एवम् प्रशिक्षण दिने र जनताको हितमा परिचालन गर्ने,

(छ) प्रदेश समितिका सदस्यहरू, मातहतको समिति र प्रदेशमा विशेष जिम्मेवारीमा रहेका व्यक्तिहरूको लेबी तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

(ज) सङ्गठित सदस्यता प्रदान गर्ने । सदस्यता नम्बर प्रदान गर्ने र अभिलेख राख्न केन्द्रीय सङ्गठन विभागमा पठाउने,

(झ) आफु मातहतको कुनै पनि गाउँ/नगर समिति अनुशासनात्मक कारबाहीमा परी समिति विघटन भएको वा विधानले निर्धारण गरेको अवधि समाप्त भएको अवस्थामा सम्मेलन नहुँदा सम्मको लागि केन्द्रीय समितिको स्विकृतिमा गाउँ/नगर संगठन समिति गठन गरी सञ्चालन गर्ने,

(ञ) आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

(ट) आफ्नो समितिका सदस्यहरूको बरियताक्रम तोक्ने र कार्यविभाजन गर्ने,

(ठ) आफ्नो समितिको कूल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश सल्लाहकार समिति र प्रदेश ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गरी अधिकार र कर्तव्य तोक्ने,

(ड) आफ्नो प्रदेशमा कार्यरत रहेका तर भौगोलिक पार्टी समितिहरुमा नसमेटिएका विशिष्ट प्रकृतिका पार्टी सदस्यहरुलाई संगठित गर्न विभिन्न स्तरका महाशाखा, शाखा, उपशाखा, इकाई र सेलहरु गठन गरी सञ्चालन गर्न सक्नेछ,

(ढ) आफ्नो तहका जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक सङ्गठनहरूलाई राजनीतिक नेतृत्व प्रदान गर्ने,

(ण) आफ्ना कामहरूको प्रतिवेदन र आर्थिक विवरण नियमित रूपमा केन्द्रीय समितिमा पठाउने,

(त) राष्ट्रिय महाधिवेशनको लागि प्रतिनिधि चयन गर्ने ।

(थ) यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिएबमोजिमका कार्यहरू गर्ने ।

**(४) प्रदेश सचिवालयका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन्:**

(क) प्रदेश समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि प्रदेश समितिमा प्रस्तुत गर्ने,

(ख) प्रदेश तहका विभाग, मातहत समिति, प्रदेशसभा दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र प्रदेश समितिमा प्रस्तुत गर्ने,

(ग) समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

(घ) प्रदेश सचिवालयका निर्णयअनुरूप मातहत समिति र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

(ङ) प्रदेश समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(५) प्रदेश कार्यालय :**

(क) प्रदेश समितिले आफ्नो समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष सहित प्रदेश कार्यालय गठन गर्नेछ ।

(ख) प्रदेश कार्यालयका अधिकार र कर्तव्य यस प्रकार हुनेछन् :

(अ) प्रदेश समितिको कार्यालय सञ्चालन गर्ने,

(आ) प्रदेशस्तरबाट तयार गरिनु पर्ने कार्य योजना र कार्यक्रमको प्रस्ताव तयार गरी प्रदेश सचिवालय र प्रदेश समितिको बैठकमा प्रस्तावित गर्ने,

(इ) प्रदेश परिषद् र प्रदेश समितिको बैठकका लागि कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

(ई) प्रदेश समिति र प्रदेश सचिवालयले तोकेका जिम्मेवारी बहन गर्ने ।

**(६) प्रदेश समिति अध्यक्षको अधिकार र कर्तव्यः**

(क) प्रदेश समितिको समग्र काममा नेतृत्व गर्ने,

(ख) प्रदेश परिषद्, प्रदेश समिति, प्रदेश सचिवालय र प्रदेश कार्यालयका बैठकको अध्यक्षता गर्ने,

(ग) प्रदेश समितिको बैठकमा प्रदेश कार्यालयको तर्फबाट र प्रदेश परिषद् तथा प्रदेश अधिवेशनमा प्रदेश समितिको तर्फबाट राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) प्रदेश अधिवेशन, प्रदेश परिषद् र प्रदेश समितिका निर्णय कार्यान्वयन गर्ने र गराउने,

(ङ) प्रदेश समितिका समग्र कामको अनुगमन गर्ने,

(च) प्रदेश समितिको आय-व्ययको लेखा राख्न लगाउने,

(छ) केन्द्रीय कार्यालय, स्थायी समिति वा केन्द्रीय समितिले दिएको निर्देशन पालन गर्ने ।

(ज) प्रदेश समितिले गर्ने तोकेका अन्य कामहरू गर्ने ।

**(७) प्रदेश समिति उपाध्यक्षको अधिकार र कर्तव्यः**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्ने,

(ग) अध्यक्षले प्रत्यायोजन गरेका अन्य अधिकारहरूको प्रयोग गरी कार्य गर्ने,

(घ) अध्यक्षको कार्यहरूमा सहयोग गर्ने र आवश्यक परामर्श दिने,

(ङ) प्रदेश समितिले तोकेका अन्य कार्यहरु गर्ने,

(च) एक भन्दा बढी उपाध्यक्षहरु रहेको स्थितिमा उपाध्यक्षहरुको बिचमा कार्यविभाजन गर्ने ।

**(८) प्रदेश समिति सचिवको अधिकार र कर्तव्यः**

(क) अध्यक्षको परामर्शमा प्रदेश समितिको बैठक बोलाउने,

(ख) अध्यक्षको परामर्शमा कार्यसूची तथा कार्ययोजना बनाई प्रदेश कार्यालयको बैठकमा प्रस्तुत गर्ने,

(ग) कार्यालय सञ्चालन गर्ने तथा सङ्गठनात्मक अभिलेख राख्ने,

(घ) सङ्गठनात्मक कामको अनुगमन गर्ने,

(ङ) प्रदेश समितिको बैठकमा कार्यालयको तर्फबाट र प्रदेश परिषद् तथा प्रदेश अधिवेशनमा प्रदेश समितिको तर्फबाट सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) प्रदेश समितिले तोकेका अन्य कामहरू गर्ने ।

**(९) प्रदेश समिति सहसचिवको अधिकार र कर्तव्य :**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कार्यहरु गर्ने,

(ख) सचिवले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) सचिवको कार्यमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) प्रदेश समितिले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने,

(ङ) एक भन्दा बढी सहसचिवहरु रहेको स्थितिमा सहसचिवहरुको विचमा कार्यविभाजन गर्ने ।

**१०. प्रदेश समिति कोषाध्यक्षको अधिकार र कर्तव्य :**

(क) प्रदेश समितिको आर्थिक आय-व्यय विवरण दुरुस्त राख्ने,

(ख) आर्थिक अनुशासन कायम राख्ने,

(ग) उत्पादनमूलक काम, श्रम र अन्य आर्थिक उपार्जनका कामहरुको योजना निर्माणको प्रस्ताव तयार पार्न सचिवलाई सहयोग पुऱ्याउने,

(घ) लेवी, कोटा नियमित र व्यवस्थित गर्ने,

(ङ) लेखा प्रणालीलाई व्यवस्थित गर्न आवश्यक प्रशिक्षणको व्यवस्थासहितको पारदर्शी आर्थिक योजनाको प्रस्ताव तयार पार्न सचिवलाई सहयोग गर्ने र प्रस्ताव बैठकबाट पारित भएपछि कार्यान्वयन गराउन अनुगमन गर्ने ।

## धारा – २७. प्रदेश परिषद्

**(१) प्रदेश परिषद्मा देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहनेछन्:**

(क) प्रदेश समितिका पदाधिकारी र सदस्यहरू,

(ख) प्रदेश सल्लाहकार परिषद् र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी र सदस्यहरू,

(ग) पार्टीका जिल्ला समन्वय समितिका संयोजकहरु,

(घ) जिल्ला समन्वय समितिका प्रमुखहरु,

(ङ) प्रदेश विभागका सचिवहरू,

(च) पार्टी सम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक सङ्गठनका प्रदेश अध्यक्ष, संयोजक वा प्रमुखहरु,

(छ) पार्टीको नगर/गाउँ समितिका अध्यक्षहरु,

(ज) नगर/गाउँ पालिकाका प्रमुखहरु,

(झ) उपर्युक्त पदेन सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश समितिबाट मनोनित सदस्यहरू ।

**(२) प्रदेश परिषद्का अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :**

(क) प्रदेश समितिका तर्फबाट प्रस्तुत राजनीतिक तथा सङ्गठनात्मक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ख) प्रदेश स्तरीय महत्वका समसामयिक बिषयमा प्रस्तावहरू पारित गर्ने ।

## धारा – २८. उपत्यका विशेष प्रदेश समिति

(१) काठमाडौं उपत्यकामा केन्द्रीय समितिले तोकेको जनवर्गीय र पेशागत संगठनहरुमा कार्यरत विभिन्न स्तरका पार्टी सदस्यहरुको बीचमा पार्टीको संगठनात्मक कार्यको लागि अध्यक्ष, उपाध्यक्ष ३ जना, सचिव, सहसचिव ३ जना र कोषाध्यक्ष सहित बढिमा १७५ सदस्यीय उपत्यका विशेष प्रदेश समिति रहने छ ।

(२) उपत्यका विशेष प्रदेश समितिको वरियता, स्तर, पदाधिकारी, सदस्यहरुको योग्यता, समितिको अधिकार र कर्तव्य भौगोलिक प्रदेश समिति सरह हुनेछ ।

## धारा – २९. सम्पर्क समन्वय समिति

(१) विभिन्न जिल्लाबाट काठमाडौं उपत्यकामा आई अस्थायी बसोबास गरिरहेका जनसमुदाय बीच संगठनात्मक कार्यहरु गर्न प्रदेश समिति स्तरको अध्यक्ष, उपाध्यक्ष ३ जना, सचिव, सह-सचिव ३ जना र कोषाध्यक्ष सहित ९ सदस्यीय पदाधिकारी रहनेछ । सम्पर्क समन्वय समितिमा बढीमा १७५ सदस्यीय समिति रहनेछ ।

(२) सम्पर्क समन्वय समितिको पदाधिकारी, अधिकार र कर्तव्य तथा सदस्यहरुको योग्यता भौगोलिक प्रदेश समिति सरह हुनेछ ।

(३) भौगोलिक प्रदेश अनुसारका बन्ने समितिहरु महाशाखा, भौगोलिक जिल्ला अनुसार बन्ने समितिहरु शाखा र पालिका अनुसार बन्ने समितिहरु इकाई स्तरको हुनेछन् ।

# भाग – छ

# स्थानीय समिति

## धारा– ३०. स्थानीय समितिहरू

(१) पार्टीका स्थानीय समितिहरू देहायबमोजिम हुनेछन्:

(क) जिल्ला समन्वय समिति /महाशाखा समिति,

(ख) प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समिति,

(ग) प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय समिति,

(घ) महानगर/उपमहानगर/नगर/गाउँ समिति/शाखा समिति,

(ङ) वडा समिति/उपशाखा समिति,

(च) टोल समिति/इकाई समिति

(छ) पार्टी सेल,

(२) समन्वय समितिहरु निर्वाचित समिति हुनेछैनन्, तोकिए बमोजिम पदेन हुनेछन् ।

(३) उपत्यकामा केन्द्रीय समितिले निर्णय गरेअनुसार उपत्यका विशेष प्रदेश समिति मातहत विशेष जिल्ला समन्वय समिति स्तरका महाशाखा समितिहरु रहन सक्नेछन् ।

(४) महाशाखा मातहतमा नगर/गाउँ समिति स्तरको शाखा, वडा स्तरको उपशाखा, टोल स्तरको इकाई र सेलहरु आवश्यक संख्यामा गठन गरी सञ्चालन गरिने छ ।

(५) प्रदेश सम्पर्क समिति मातहतमा नगर/गाउँ समिति स्तरको जिल्ला सम्पर्क समिति, वडा स्तरको नगर/गाउँ सम्पर्क समिति, टोल स्तरको वडा सम्पर्क समिति र वडा समिति अन्तरगत सेलहरु आवश्यक संख्यामा गठन गरी सञ्चालन गरिनेछ ।

(६) प्रदेश सम्पर्क समितिको अधिकार, कर्तव्य र पदाधिकारी तथा सदस्यहरुको योग्यता जिल्ला समन्वय समिति स्तरको हुनेछ ।

(७) उपत्यका विशेष प्रदेश समिति, सम्पर्क समन्वय समिति र प्रवास समिति अन्तरगतका समितिहरुको पदाधिकारी एवम् सदस्य संख्या भौगोलिक रुपले बन्ने समितिहरुको सदस्य संख्याभन्दा बढी हुनेछैन ।

## (८) जिल्ला समन्वय समितिको गठन :

(क) जिल्ला समन्वय समितिको संयोजक प्रदेश समितिले तोके अनुसार हुनेछ ।

(ख) जिल्ला समन्वय समितिमा पदेन र मनोनित सदस्यहरु रहनेछन् । सम्बन्धित जिल्लामा कार्यरत रहेका प्रदेश समितिका सदस्यहरु, नगर/गाउँ पार्टी समितिका अध्यक्ष, उपाध्यक्षहरु र सचिव, पार्टीको तर्फबाट निर्वाचित संघीय सांसद र प्रदेश सभाका सदस्यहरु, पार्टीका तर्फबाट निर्वाचित जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख र पार्टी प्रदेश समितिले मनोनित गरेका बढीमा २५ प्रतिशत सदस्यहरु रहको जिल्ला समन्वय समिति हुनेछ ।

(ग) जिल्ला समन्वय समितिको सचिव आवश्यकता अनुसार समन्वय समिति स्वयंले आफूहरु मध्येबाट तोक्न सक्नेछ ।

(घ) एकमात्र संघीय निर्वाचन क्षेत्र रहेका जिल्लाहरुको हकमा जिल्ला समन्वय समितिले नै संघीय निर्वाचन क्षेत्र समन्वय समितिको कार्य गर्नेछ ।

## (९) जिल्ला समन्वय समितिको अधिकार र कर्तव्य :

(क) नगर/गाउँ समितिहरु बीचमा समन्वयको कार्य गर्ने,

(ख) जिल्ला भित्रका संघीय निर्वाचन क्षेत्र समन्वय समिति र प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिका कार्यहरुको समन्वय गर्ने,

(ग) पार्टीको तर्फबाट जिल्ला स्तरका सरकारी काम तथा कार्यालयहरुसँगको सम्पर्क र सम्बन्धको कार्य गर्ने,

(घ) निर्वाचनको समयमा निर्वाचन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,

(ङ) पार्टीको नीति विचार अनुसार जनमत तयार गर्ने,

(च) प्रदेश समिति र केन्द्रीय समितिले जारी गरेको नीति निर्देशनहरुलाई पालना तथा कार्यान्वयन गर्ने,

(छ) जिल्ला स्तरका महाशाखा समितिहरुले विचार, राजनीतिको प्रचार, अध्ययन अनुसन्धान, वर्गीय हितका पक्षमा आवश्यक आन्दोलन, मातहतका समितिहरुको परिचालन आदि गर्नेछ ।

## (१०) स्थानीय समितिको सदस्य सङ्ख्या बढीमा देहायबमोजिम हुनेछ :

(क) महानगर समिति- ९९,

(ख) उपमहानगर समिति- ८१,

(ग) नगर समिति- ६५,

(घ) गाउँ समिति/शाखा समिति /सम्पर्क समन्वय जिल्ला समिति- ५५,

(ङ) महानगरका वडा समिति- ४५,

(च) उपमहानगरका वडा समिति- ३५,

(छ) नगर र गाउँका वडा समिति/उपशाखा समिति/पालिका सम्पर्क समन्वय समिति -२९,

(ज) टोल समिति/इकाई समिति/वडा सम्पर्क समन्वय समिति -१९,

(झ) पार्टी सेल- ९,

(ञ) सदस्यहरू टोल तहमा हुने भेलाबाट संगठन समिति बनाई सञ्चालन गरिने छ ।

**(११)** स्थानीय समितिहरुमा निम्न अनुसारको पदाधिकारीहरुको व्यवस्था हुनेछ; गाउँ/नगर समितिहरुमा अध्यक्ष, उपाध्यक्ष ३ जना, सचिव, सहसचिव र कोषाध्यक्ष गरी ७ सदस्यीय पदाधिकारी हुनेछ । वडा समितिहरुमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष गरी ५ सदस्यीय पदाधिकारी हुनेछ । टोल समितिहरुमा अध्यक्ष र सचिव गरी दुई पदीय पदाधिकारीको व्यवस्था रहनेछ । सेलहरुमा सचिवको एक पदीय ब्यबस्था हुनेछ । विशेष समितिहरु- महाशाखा, शाखा, उपशाखा र इकाईमा भौगोलिक समिति अनुरुप नै क्रमशः ७, ७, ५ र २ सदस्यिय पदाधिकारी को व्यबस्था रहनेछ ।

**(१२)** एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लामा देहायबमोजिमका पदाधिकारी र सदस्यहरू रहेको प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समिति रहनेछ :

(क) जिल्ला समन्वय समितिले आफ्नो समितिका सदस्यमध्येबाट तोकेको संयोजक,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गत कार्यक्षेत्र भएका जिल्ला समन्वय समिति सदस्यहरू,

(ग) सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर/गाउँ समितिका पार्टीका पदाधिकारीहरू,

(घ) पदेन सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित जिल्ला समन्वय समितिबाट मनोनित सदस्यहरू,

(ङ) पार्टीको तर्फबाट निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रका संघीय सांसद तथा प्रदेश सभाका सदस्य र महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाका प्रमुख, उपप्रमुख/अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्षहरु आमन्त्रित हुन सक्नेछन् ।

(च) संघीय निर्वाचन क्षेत्र समन्वय समितिले आवश्यक ठानेमा आफूहरु मध्येबाट एकजना सचिव तोक्न सक्नेछ ।

**(१३)** प्रदेशसभा निर्वाचन क्षेत्रमा देहायवमोजिमका पदाधिकारी र सदस्यहरु रहेको प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय समिति रहनेछ :

(क) जिल्ला समन्वय समितिले आफ्नो समितिका सदस्यमध्येबाट तोकेको संयोजक,

(ख) सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गत कार्यक्षेत्र भएका जिल्ला समन्वय समिति सदस्यहरू,

(ग) सम्बन्धित निर्वाचन क्षेत्रअन्तर्गतका महानगर, उपमहानगर, नगर/गाउँ समितिका पार्टीका पदाधिकारीहरू,

(घ) पदेन सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी सम्बन्धित जिल्ला समन्वय समितिबाट मनोनित सदस्यहरू,

(ङ) पार्टीको तर्फबाट निर्वाचित सम्बन्धित निर्वाचन क्षेत्रका संघीय सांसद तथा प्रदेश सभाका सदस्य र महानगरपालिका, उपमहानगरपालिका, नगर/गाउँपालिकाका प्रमुख, उपप्रमुख/अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहरु आमन्त्रित हुनेछन् ।

(च) प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समितिले आवश्यक ठानेमा आफूहरु मध्येबाट एकजना सचिव तोक्न सक्नेछ ।

**(१४) स्थानीय समितिका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्:**

(क) आफ्नो तहमा समितिको कूल सदस्य सङ्ख्याको एक तिहाईभन्दा बढी नहुने गरी सचिवालय गठन गर्ने,

(ख) नियमित रूपमा बैठक बसी आफ्नो कार्यक्षेत्रको समग्र पार्टी कामको योजना निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने,

(ग) आफ्नो समितिका सदस्यहरूको बरियताक्रम तोक्ने र कार्यविभाजन गर्ने,

(घ) आफ्नो कार्यक्षेत्रको शोषित पिडित श्रमजीवि वर्ग एवम् समुदायको हक, हित, अधिकार र न्यायको पक्षमा संघर्ष गर्ने, समग्र विकास र आर्थिक-सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने,

(ङ) आफ्नो समिति र मातहतका नेता-कार्यकर्ताहरूको क्षमता बृद्धिका लागि पार्टी स्कुल र प्रशिक्षण सञ्चालन गर्ने,

(च) आफ्नो तहमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूलाई विशेष जिम्मेवारी प्रदान गर्ने, उनीहरूलाई पार्टीको नीति र निर्देशन अनुरुप प्रशिक्षण दिने र जनताको हितमा परिचालन गर्ने,

(छ) आफ्नो समितिका सदस्य, मातहत समिति र आफ्नो सिफारिशमा विभिन्न निकायहरुमा नियुक्ति प्राप्त व्यक्तिहरूलाई लेबी तोक्ने र आर्थिक कोष निर्माण एवम् परिचालन गर्ने,

(ज) आफ्नो तहको अधिवेशन आयोजना गर्ने,

(झ) आफ्नो समितिका कूल सदस्य सङ्ख्याको ५० प्रतिशतभन्दा बढी नहुने गरी सल्लाहकार समिति र आवश्यकता अनुसार ज्येष्ठ कम्युनिष्ट मञ्च गठन गर्ने र अधिकार तथा कर्तव्य तोक्ने,

(ञ) आफ्नो तहका जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक सङ्गठनहरूलाई वैचारिक, राजनीतिक नेतृत्व प्रदान गर्ने,

(ट) माथिल्लो समितिका निर्देशन र निर्णयहरूको कार्यान्वयन गर्ने र गराउने,

(ठ) आफ्ना कामको प्रतिवेदन र आर्थिक विषयको प्रतिवेदन नियमित रूपमा माथिल्लो समितिमा पठाउने,

(ड) यस विधानमा अन्यत्र उल्लेख गरिएका र तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

(ढ) स्थानीय स्तरका विशेष समितिहरुको कामको प्रकृति अनुसार अधिकार र कर्तव्य भौगोलिक स्थानीय समिति सरह हुनेछ ।

**(१५) स्थानीय समितिको सचिवालयको अधिकार र कर्तव्यः**

(क) समितिका दुई बैठकबीचको अवधिमा राजनीतिक तथा सङ्गठनात्मक निर्णयहरू गर्ने र आफूले गरेका निर्णयहरू अनुमोदनका लागि समितिमा प्रस्तुत गर्ने,

(ख) आफ्नो तहका विभाग, मातहत समिति, स्थानीय तह दल, संयन्त्र, कार्यदललगायतका कामको प्रतिवेदन नियमित रूपमा प्राप्त गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्ने र समितिमा प्रस्तुत गर्ने,

(ग) समसामयिक विषयमा पार्टीका धारणा सार्वजनिक गर्ने,

(घ) सचिवालयका निर्णयअनुरूप मातहत समिति र सदस्यहरूलाई निर्देशन जारी गर्ने,

(ङ) आफ्नो समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(१६) स्थानीय समितिको कार्यालयः**

(क) स्थानीय समितिहरूले आफ्नो समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष सहित बढिमा ७ सदस्यीय कार्यालय गठन गर्नेछन्,

(ख) कार्यालयको अधिकार र कर्तव्य :

(अ) आफ्नो समितिको कार्यालय सञ्चालन गर्ने,

(आ) सचिवालय र समितिको बैठकको लागि कार्यसूची सम्बन्धी प्रस्ताव तयार गर्ने,

(इ) कार्ययोजना र कार्यक्रमको प्रस्ताव तयार गर्ने र सचिवालय र समितिको बैठकमा प्रस्तुत गर्ने,

(ई) सचिवालय र समितिले तोकेका कार्यहरु गर्ने ।

**(१७) स्थानीय समितिको अध्यक्षको अधिकार र कर्तव्यः**

(क) समितिलाई समग्र काममा नेतृत्व गर्ने,

(ख) कार्यालय, सचिवालय र समितिका बैठकको अध्यक्षता गर्ने,

(ग) समितिका बैठक र अधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने,

(घ) आफ्नो अधिवेशन र समितिका निर्णय कार्यान्वयन गर्ने र गराउने,

(ङ) समितिका समग्र कामको अनुगमन गर्ने,

(च) समितिको आय-व्ययको लेखा राख्न लगाउने,

(छ) आफ्नो समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

**(१८) स्थानीय समितिको उपाध्यक्षको अधिकार र कर्तव्य :**

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने,

(ख) अध्यक्षले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) अध्यक्षको कार्यहरुमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) समितिले तोकेबमोजिमका कार्यहरु गर्ने,

(ङ) एक भन्दा बढी उपाध्यक्षहरु भएमा उपाध्यक्षहरु बिच कार्यविभाजन गर्ने ।

**(१९) स्थानीय समितिको सचिवका अधिकार र कर्तव्यः**

(क) अध्यक्षको निर्देशनमा कार्यलय, सचिवालय र समितिको बैठक बोलाउने,

(ख) अध्यक्षको निर्देशनमा कार्यसूची र कार्ययोजना बनाई बैठकमा प्रस्तुत गर्ने,

(ग) कार्यालय सञ्चालन गर्ने र सङ्गठनात्मक अभिलेख राख्ने,

(घ) सङ्गठनात्मक कामको अनुगमन गर्ने,

(ङ) समितिको बैठक र अधिवेशनमा सङ्गठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) समितिले तोकेबमोजिमका अन्य कार्यहरू गर्ने ।

**(२०) स्थानीय समितिको सहसचिवको अधिकार र कर्तव्य :**

(क) सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै कार्यहरु गर्ने,

(ख) सचिवले अधिकार प्रत्यायोजन गरेका कार्यहरु गर्ने,

(ग) सचिवको कार्यमा सहयोग पुऱ्याउने र परामर्श दिने,

(घ) समितिले तोकेबमोजिमका अन्य कार्यहरु गर्ने,

**(२१) कोषध्यक्षको अधिकार र कर्तव्य :**

(क) कोष तथा आर्थिक व्यवस्थापन गर्ने,

(ख) समितिको आर्थिक आय-व्यय विवरण दुरुस्त राख्ने,

(ग) लेखा प्रणाली सम्बन्धी प्रशिक्षणको व्यवस्थासहित आर्थिक अनुशासन र पारदर्शीता कायम राख्ने,

(घ) श्रम तथा उत्पादनमूलक आर्थिक कार्यक्रमहरु तर्जुमा गर्ने,

(ङ) लेवी, कोटा नियमित र व्यवस्थित गर्ने,

## धारा – ३१. सङ्गठन समिति

(१) माथिल्लो समितिको मनोनयनद्वारा गठन गरिने सबै समितिहरू आ-आफ्नो तहमा सङ्गठन समिति हुनेछन् ।

(२) निर्वाचित समिति नभएको ठाउँमा र निर्वाचित समितिको अवधि समाप्त भएको अवस्थामा माथिल्लो समितिको मनोनयनद्वारा गठन गरिने सबै समितिहरू आ-आफ्नो तहमा सङ्गठन समिति हुनेछन् । केन्द्रीय समितिले निर्णय गरेको अवस्थामा बाहेक सङ्गठन समिति गठन गर्ने निर्णय एक तह माथिल्लो समितिबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ ।

(३) विशेष अवस्थामा केन्द्रीय समितिले आफ्नो मातहतको कुनै पनि तहमा सङ्गठन समिति निर्माण गर्न सक्नेछ ।

(४) सङ्गठन समितिको अधिकार र कर्तव्य आफ्नो तहको निर्वाचित समितिको सरह हुनेछ ।

(५) सङ्गठन समितिको मुख्य काम तोकिएको समयभित्र आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुनेछ ।

(६) प्रदेश तथा स्थानीय तहका सङ्गठन समितिलाई 'समिति' भनिनेछ र तिनका पदाधिकारीमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषध्यक्ष सहित पाँच पदाधिकारी रहनेछन् ।

# भाग – सात

# विभाग, फ्र्याक्सन, संयन्त्र र कार्यदल

## धारा – ३२. विभाग

(१) पार्टीका केन्द्रीय समिति, प्रदेश समिति र नगर/गाउँ समिति अन्तर्गत तोकिए बमोजिमका विभागहरू रहनेछन् ।

(२) सम्बन्धित समितिले आफ्नो तहमा प्रमुख, उपप्रमुख, सचिव र सदस्यहरू रहेका विभागहरू गठन गर्नेछन् ।

(३) विभाग अन्तर्गत आवश्यकता अनुसार विभिन्न विषयगत समूह गठन गर्न सकिनेछ ।

(४) विभागका अधिकार र कर्तव्य तोकिएबमोजिम हुनेछन् ।

## धारा – ३३. फ्र्याक्सन,

विभिन्न जनवर्गीय संगठन, पेशागत संगठन र मोर्चाहरुमा पार्टीको नीति अनुसार गठन, विस्तार र सञ्चालनको लागि फ्र्याक्सन गठन गरिने छ । फ्याक्सनमा एकदेखि बढीमा पाँच जनासम्म रहन सक्नेछन् । एकजनाभन्दा बढि रहेको स्थितिमा एकजना ईन्चार्ज र अरु सदस्य हुनेछन्  ।

## धारा – ३४. पार्टी संयन्त्र

पार्टीका भातृ संगठन नरहेका विभिन्न पेशागत, सामुदायिक तथा सरोकारवाला सङ्घ, सङ्गठन तथा संस्थाहरूलाई देश र जनताको पक्षमा क्रियाशील बनाउन सम्बन्धित तहको पार्टी समितिले त्यस्ता सङ्गठनहरूमा कार्यरत सङ्गठित सदस्य, सदस्य वा समर्थकहरूबीच पार्टी संयन्त्र गठन गर्नेछ ।

## धारा – ३५. कार्यदल

(१) कुनै पनि पार्टी समितिले विशेष प्रयोजनका निम्ति आफ्नो तहमा कार्यदल गठन गर्न सक्नेछ ।

(२) कार्यदलमा संयोजक र आवश्यकता अनुसारको संख्याको सदस्यहरू रहनेछन् ।

(३) कार्यदलको अधिकार, कर्तव्य र कार्यकाल कार्यदल गठन गर्ने समितिले तोकेबमोजिम हुनेछ ।

# भाग – आठ

# पदाधिकारी तथा सदस्यको योग्यता

## धारा – ३६. केन्द्रीय निकाय तथा विभागका पदाधिकारी र सदस्यको योग्यता

**(१)** राष्ट्रिय महाधिवेशनको प्रतिनिधि चुनिनका लागि सङ्गठित सदस्य भई कम्तिमा ५ वर्ष काम गरेको हुनुपर्नेछ । गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ३ वर्ष काम गरेको भए पुग्नेछ ।

**(२)** केन्द्रीय समितिको पदाधिकारी र स्थायी समिति सदस्य हुन कम्तिमा एक कार्यकाल पोलिट्ब्यूरो सदस्य र पोलिट्ब्यूरो सदस्य हुन कम्तिमा एक कार्यकाल केन्द्रीय समितिको सदस्य भएको हुनुपर्नेछ ।

**(३)** केन्द्रीय समितिको सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) केन्द्रीय समिति वा केन्द्रीय निकायको सदस्य भई काम गरेको वा,

(ख) प्रदेश समितिको सदस्य भई कम्तिमा एक कार्यकाल वा विगतमा जिल्ला समितिको सदस्य भई दुई कार्यकाल काम गरेको,

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्तिको हकमा भने कम्तिमा दुई कार्यकाल विगतको जिल्ला समितिको सदस्य भई काम गरेको,

**(४)** केन्द्रीय अनुशासन आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) धारा ३४(३) को योग्यता भएको र पार्टी जीवनमा आर्थिक तथा नैतिक आचरणका कारण अनुशासनको कारबाहीमा नपरेको,

(ख) अध्यक्ष हुन पोलिट्ब्यूरो सदस्यको योग्यता पुगेको ।

**(५)** केन्द्रीय लेखापरीक्षण आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) धारा ३४(३) को योग्यता भएको र लेखा सम्बन्धी विज्ञता तथा व्यवहारिक ज्ञान हासिल गरेको,

(ख) अध्यक्ष हुन पोलिट्ब्यूरो सदस्यको योग्यता पुगेको ।

**(६)** केन्द्रीय निर्वाचन आयोगको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) धारा ३४(३) को योग्यता भएको र निर्वाचनसम्बन्धी कानूनी तथा व्यावहारिक ज्ञान भएको,

(ख) अध्यक्ष हुन पोलिट्व्यूरो सदस्यको योग्यता पुगेको ।

(७) जेष्ठ कम्युनिष्ठ मञ्चको अध्यक्ष, सचिव र सदस्य हुनका लागि कम्तिमा ६० वर्ष उमेर पुग्नुका साथै जुन तहको जेष्ठ कम्युनिष्ट मञ्चमा रहने हो, सोही तहको पार्टी समितिमा कम्तिमा १० बर्ष काम गरिसकेको,

(८) केन्द्रीय सल्लाहकार समितिको अध्यक्ष, सचिव र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) केन्द्रीय समिति वा केन्द्रीय निकायको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

(ख) सङ्गठित सदस्य भई कम्तिमा दश वर्ष काम गरेको वा दर्शनशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, परराष्ट्र मामिला, कानून, विज्ञान प्रविधि आदि कुनै विषयको विज्ञ संगठित सदस्य ।

(ग) अध्यक्ष हुन पोलिट्व्यूरो सदस्यको योग्यता पुगेको ।

(९) विभागको प्रमुख, उपप्रमुख, सचिव र सदस्य हुन देहायबमोजिमको योग्यता हुनुपर्नेछः

(क) प्रमुख र उप्रमुख हुन सम्बन्धित समितिको सदस्य भएको हुनुपर्नेछ,

(ख) सचिव र सदस्य हुन एक तह तल्लो कार्यकारी समितिको सदस्य भई काम गरेको वा सम्बन्धित विषयको विज्ञ-अनुभव प्राप्त सङ्गठित सदस्य हुनुपर्नेछ ।

(१०) माथिको योग्यता पूरा गर्नुपर्ने कुनै व्यक्ति राजनीतिक कारणले जेल परेमा जेल बसाइको अवधिलाई पनि गणना गरिनेछ ।

(११) राष्ट्रिय परिषद्को सदस्य हुन कम्तिमा प्रदेश समिति सदस्य सहरको योग्यता हुनुपर्नेछ ।

**धारा – ३७. प्रदेश समितिका पदाधिकारी र सदस्यको योग्यता :**

(१) प्रदेश अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई कम्तिमा ४ बर्ष काम गरेको हुनुपर्नेछ ।

(२) प्रदेश समितिको पदाधिकारी र सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) प्रदेश समिति वा सम्पर्क समन्वय समिति वा उपत्यका विशेष समिति वा प्रवास समिति वा साविकका सो सरहका समितिमा सदस्य भई काम गरेको वा,

(ख) सङ्गठित सदस्य भई ५ बर्ष काम गरेको वा विगतमा जिल्ला समितिमा रही कम्तिमा दुई कार्यकाल काम गरेको वा,

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्तिको हकमा भने सङ्गठित सदस्य भई ३

बर्ष काम गरेको वा कम्तिमा एक कार्यकाल विगतको जिल्ला समितिमा रही काम गरेको ।

**धारा– ३८. स्थानीय समितिका पदाधिकारी तथा सदस्यको योग्यता**

(१) नगर/गाउँ अधिवेशनको प्रतिनिधि हुन सङ्गठित सदस्य भई २ बर्ष काम गरेको हुनुपर्नेछ, गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई एक बर्ष काम गरेको हुनु पर्नेछ,

(२) नगर/गाउँ समितिको सदस्य हुन देहायको योग्यता हुनुपर्नेछः

(क) वडा समितिको पदाधिकारी वा सदस्य भई काम गरेको वा,

(ख) सङ्गठित सदस्य भई ४ वर्ष काम गरेको

(ग) गरीबीको रेखामुनि रहेको परिवार, महिला, दलित, मुस्लिम, मधेशी, आदिवासी जनजाति, थारु र अपाङ्गता भएका व्यक्तिको हकमा सङ्गठित सदस्य भई दुई बर्ष काम गरेको वा मातहत समितिमा एक कार्यकाल काम गरेको,

(घ) नगर/गाउँ समितिको पदाधिकारी र सचिवालय सदस्य हुन एक कार्यकाल नगर/गाउँ समिति वा सो स्तरको समितिमा काम गरेको,

(३) अन्यस्तरका समितिका पदाधिकारी र सदस्यको योग्यता तोकिएबमोजिम हुनेछ ।

## भाग – नौ

## निर्वाचन, मनोनयन, सपथग्रहण, कार्यकाल, पदरिक्तता र पदपूर्ति

**धारा – ३९. निर्वाचन**

(१) राष्ट्रिय महाधिवेशन र सबै तहका अधिवेशनका प्रतिनिधिहरु सम्बन्धित समितिले तोकेबमोजिम सङ्गठित सदस्यहरुबाट निर्वाचित हुनेछन् । तर, राष्ट्रिय महाधिवेशन वा अधिवेशन आयोजना गर्ने समितिका आयोजकहरु स्वतः महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुनेछन्,

(२) विधान अनुसारको केन्द्रीय समिति र केन्द्रीय आयोगका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन प्रक्रिया राष्ट्रिय महाधिवेशनले निर्णय गरेबमोजिम हुनेछ,

(३) प्रदेश तथा स्थानीय तहका समितिका पदाधिकारी तथा सदस्यहरू र पार्टी सम्बद्ध जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी तथा सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले आवश्यक व्यवस्था गरी गराउनेछ,

## धारा – ४०. निर्वाचन विधि

(१) सबै तहका पार्टी समितिहरु आ-आफ्नो तहको पार्टी अधिवेशन वा महाधिवेशनबाट गठन गरिने छ ।

(२) सबै तहका पार्टी समितिहरुको गठन गर्दा र अधिवेशनका प्रतिनीधिहरु छनौट गर्दा मुलुकको बहुजातिय सामाजिक विशेषता अनुरुपको समानुपातिक समावेशी आधारमा गरिने छ । त्यसको लागि समितिको कुल सदस्य संख्याको ५० प्रतिशत समानुपातिक र बाँकी ५० प्रतिशत खुला गरी प्रतिनिधित्वको व्यबस्था गरिने छ ।

(३) सबै तहको पार्टी समितिमा कुल सदस्य संख्याको कम्तिमा ३५ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिने छ ।

(४) समानुपातिक तर्फको ५० प्रतिशतलाई शतप्रतिशत मानि त्यसलाई जनसंख्याको अनुपातमा दलित, मुस्लिम, मधेशी, थारु, आदिबासी जनजाति र खसआर्य समुदायको सीट संख्या निर्धारण गरिने छ । यसरी सीट निर्धारण गर्दा प्रत्येक समुहबाट ५० प्रतिशत महिला र ५० प्रतिशत पुरुष गरिने छ ।

(५) ४० वर्ष मुनिका युवा उमेर समुहको सहभागिताको लागि ५० प्रतिशत समानुपातिक तर्फको सिटलाई १०० प्रतिशत मानि त्यस मध्ये २० प्रतिशत युवा सहभागिता निश्चित गर्न सबै समुहको महिला तथा पुरुष समूहबाट कम्तिमा २०/२० प्रतिशत युवाहरु सहभागिताको व्यबस्था गरिने छ ।

(६) समानुपातिक तर्फको कुनै पनि समूहको महिला तथा युवा महिला तर्फको तोकिएको सिट संख्या महाधिवेशन वा अधिवेशनबाट पूरा चयन हुन नसकेमा उक्त रिक्त सिटहरु नवगठित कार्यसमितिले पूनः सोही समूहबाट पूर्ति गर्न सक्नेछ । तर, उक्त समूहबाट विधानले तोकेअनुसारको योग्यता पुगेको उम्मेद्वार नरहेमा उक्त रिक्त सिटहरुमा एउटा कार्यकालको लागि समानुपतिक तर्फको अन्य समूहहरुबाट पूर्ति गर्न सक्नेछ । यसबाट पनि ३५ प्रतिशत महिला सीट अपुग भएमा नवगठित कार्यसमितिले अपुग सीट सम्बन्धित समितिले मनोनित गरिने १० प्रतिशत सदस्य संख्याबाट पूर्ति गर्न सक्नेछ ।

(७) विशेषाधिकारको मान्यता अनुसार कुल समानुपातिक सिट मध्येबाट दलितको हकमा १५ प्रतिशत र मुस्लिमको हकमा ५ प्रतिशत सहभागिता सुनिश्चित गर्न जनसंख्याको अनुपातले नपुगेको सिट संख्या पनि सम्बन्धित समितिले मनोनित गरिने १० प्रतिशत सदस्य संख्याबाट पूर्ति गर्न सक्नेछ ।

(८) संरक्षणको मान्यता अनुरुप केन्द्रीय समितिमा कम्तिमा अल्पसंख्यक समुदाय १, पिछडिएको क्षेत्र १ र अपांगता भएका व्यक्तिहरुको हकमा १ सिट तोकिने छ । प्रदेश र स्थानीय तहका समितिहरुमा कम्तिमा अल्पसंयक समुदायबाट १ सिट, अपाङ्गता भएका

व्यक्तिबाट १ सिट तोकिने छ । त्यसलाई समानुपातिक तर्फको समूह भित्रबाट मिलाइने छ ।

(९) खुला तर्फको कुल ५० प्रतिशत मध्ये ४० प्रतिशत अधिवेशनले पुरा गर्नेछ र बाँकी १० प्रतिशत समानुपातिक समावेशी तर्फको क्षतिपूर्ति, विशेषाधिकार र संरक्षणको सिटहरुलाई सन्तुलन मिलाउन नवगठित केन्द्रीय समितिले मनोनयन गर्नेछ ।

(१०) भौगोलिक प्रदेश र त्यस अन्तरगतका स्थानीय समितिहरुमा समानुपातिक समावेशी गर्दा सोही क्षेत्रको जातिय सामाजिक वनावट र त्यस अनुरुपको जनसंख्यालाई आधार बनाईने छ ।

(११) कतिपय स्थानहरुमा सामुदायिक जनसंख्या रहेको, तर पार्टी समितिमा रहनका लागि पार्टी विधानले निर्धारण गरेको उमेदवारको मापदण्ड नपुगेमा त्यस प्रकारका स्थानहरुको सिट रिक्त रहने छ र भविष्यमा जुन समयमा उमेदवारको योग्यता पुरा हुन्छ, त्यही समयमा रिक्त स्थान पूर्ति गरिने छ ।

(१२) काठमाडौं उपत्यकामा बन्ने विशेष प्रदेश, सम्पर्क समन्वय समिति र प्रवासमा बन्न सक्ने पार्टी प्रदेश समिति र उक्त प्रदेशहरु अन्तरगत बन्ने महाशाखा, शाखा, उपशाखा र इकाई समितिहरुमा त्यही क्षेत्रमा रहेका पार्टी सदस्यहरुको अनुपातको आधारमा समानुपातिक समावेशी गरिने छ । त्यस्तै गरी भौगोलिक प्रदेश समितिहरुले गठन गरिने विशेष समितिहरु- महाशाखा, शाखा, उपशाखा र इकाई समितिहरुमा पनि सोही क्षेत्रमा रहेका पार्टी सदस्यहरुको अनुपातमा प्रतिनिधित्व गरिने छ ।

(१३) सबै तहको समितिहरुमा महाधिवेशन वा अधिवेशनले कम्तिमा कार्य समितिको दुईतिहाई सदस्यहरु निर्वाचित गरी घोषणा गरिने छ । कार्य समितिका बाँकी सदस्यहरु नवगठित कार्य समितिले चयन गरी पूर्ति गर्न सक्नेछ ।

## धारा – ४१. मनोनयन

(१) राष्ट्रिय महाधिवेशन र सबै तहका अधिवेशनका लागि निर्वाचित प्रतिनिधिहरूको दश प्रतिशतमा नबढ्ने गरी सम्बन्धित समितिले प्रतिनिधिहरू मनोनयन गर्न सक्नेछ ।

(२) निर्वाचित समितिले आफ्नो समितिका निर्वाचित सदस्य सङ्ख्याको दश प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(३) केन्द्रीय समितिले एकता र एकीकरण प्रक्रियालाई अघि बढाउन कूल सदस्य सङ्ख्याको दश प्रतिशतमा नबढाई सदस्यहरू मनोनयन गर्न सक्नेछ ।

(४) प्रदेश तथा स्थानीय तहका समितिहरुमा सदस्य मनोनयनसम्बन्धी निर्णयको कार्यान्वयन एक तह माथिल्लो समितिले अनुमोदन गरेपछि हुनेछ ।

(५) केन्द्रिय समितिको हकमा कुल केन्द्रिय समितिको बढीमा १५ प्रतिशत सम्म केन्द्रिय समितिले मनोनयन गर्न सक्नेछ ।

## धारा – ४२. शपथ ग्रहण

(१) देहायका व्यक्तिहरूले अनुसूची- १० बमोजिमको शपथग्रहण गर्नुपर्नेछः

(क) सदस्य र सङ्गठित सदस्य,

(ख) पार्टी समिति, आयोग, परिषद्, निर्वाचित वा मनोनित पदाधिकारी र सदस्य ।

(२) सपथ ग्रहण गर्ने व्यक्तिले शपथ-पत्रमा हस्ताक्षर गरी सम्बन्धित समिति वा निकायमा बुझाउनु पर्नेछ ।

## धारा – ४३. कार्यकाल

केन्द्रीय समितिको कार्यकाल महाधिवेशनबाट अर्को केन्द्रीय समिति निर्वाचित नहुँदासम्म ५ वर्षको रहनेछ । प्रदेश समितिको कार्यकाल ४ बर्ष, गाउँ/नगर समितिहरूको कार्यकाल ३ वर्षको र वडा समितिको कार्यकाल २ वर्षको हुनेछ ।

तर विशेष अवस्थामा सम्बन्धित समितिको निर्णय अनुसार कार्यकाल बढीमा ६ महिना थप गर्न सकिने छ ।

## धारा – ४४. राजिनामा

(१) निर्वाचित समिति र आयोगका पदाधिकारी वा सदस्यले पदबाट राजिनामा दिन चाहेमा अध्यक्षबाहेक अन्य पदाधिकारी र सदस्यले अध्यक्षसमक्ष र अध्यक्षले उपाध्यक्ष समक्ष र आयोगको अध्यक्षले सचिवसमक्ष राजिनामा पेश गर्नेछन्,

(२) केन्द्रीय समितिका अध्यक्षले राजिनामा दिन चाहेमा वरिष्ठ उपाध्यक्ष समक्ष पेश गर्नेछन्,

(३) उपधारा १ र २ बमोजिम आएको राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय सम्बन्धित समिति वा आयोगको बैठकले गर्नेछ,

(४) कुनै पनि तहको सल्लाहकार समिति र ज्येष्ठ कम्युनिष्ट मञ्चका पदाधिकारी वा सदस्यले पदबाट राजिनामा दिन चाहेमा आफ्नो अध्यक्षमार्फत् आफूलाई मनोनयन गर्ने समितिको अध्यक्षसमक्ष पेश गर्नेछन्, सम्बन्धित समितिले त्यस्तो राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ,

(५) विभागका प्रमुख, उपप्रमुख र सदस्यले पदबाट राजिनामामा दिन चाहेमा आफूलाई मनोनित गर्ने समितिका अध्यक्षसमक्ष राजिनामामा पेश गर्नेछन् र सम्बन्धित समितिले राजिनामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ,

(६) संयन्त्र र कार्यदलका पदाधिकारी तथा सदस्यले पदबाट राजिनामा दिन चाहेमा आफूलाई मनोनित वा नियुक्त गर्ने समितिका अध्यक्षसमक्ष पेश गर्नेछन् र सम्बन्धित समितिले राजिनामामा स्वीकृत गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

## धारा – ४५. पद रिक्तता

(१) देहायको अवस्थामा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यको पद रिक्त हुनेछ :

(क) पदबाट दिएको राजिनामामा स्वीकृत भएमा,

(ख) पार्टी परित्याग गरेमा,

(ग) अनुशासनात्मक कारबाहीमा परी पदबाट निष्काशित भएमा,

(घ) विभाग, कार्यदल, संयन्त्र आदिमा रहेका व्यक्तिलाई सम्बन्धित समितिले जिम्मेवारीबाट हटाएमा,

(ङ) बिना उचित कारण र बिना सूचना लगातार तीन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

(च) आफ्नो संलग्नतामा अर्को दल खोलेमा,

(छ) कुनै समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित व्यक्तिको तोकिएको योग्यता नपुगेको प्रमाणित भएमा,

(ज) मृत्यु भएमा ।

## धारा – ४६. पदपूर्ति

(१) धारा ४४.१ बमोजिम पार्टीको कुनै पनि समितिका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा सम्बन्धित समितिको बैठकबाट पूर्ति गर्न सकिनेछ, प्रदेश र स्थानीय तहका समितिका निर्णय एकतह माथिल्लो समितिबाट अनुमोदन भएपछि कार्यान्वयन हुनेछ । आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा राष्ट्रिय परिषद्बाट पूर्ति गरिनेछ ।

(२) कुनै पनि मनोनित सदस्य, सल्लाहकार समितिका पदाधिकारी एवम् सदस्य र विभाग, संयन्त्र तथा कार्यदलका सदस्यको पद रिक्त भएमा मनोनयन गर्ने समितिले पूर्ति गर्नेछ ।

# भाग – दश

# कार्यविभाजन, जिम्मेवारीपालना, अनुगमन तथा मूल्याङ्कन

## धारा – ४७. कार्यविभाजन

(१) सबै तहका समितिले आफ्नो समितिका पदाधिकारी तथा सदस्यहरूलाई सामान्यतया एउटा मुख्य र आवश्यकतानुसार सहायक जिम्मेवारी तोक्नेछन्, तर पार्टी समितिको हकमा एक व्यक्ति एक समितिको मान्यतालाई अबलम्वन गर्नुपर्नेछ,

(२) सबै तहका समितिले कार्यविभाजन गर्दा समितिको मुख्य हिस्सालाई भूगोल वा सो सरहको पार्टी काममा विन्यास गर्नुपर्नेछ,

(३) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुको कार्यविभाजन गर्दा सामान्यतः केन्द्रीय कार्यालय, केन्द्रीय विभाग, जनवर्गीय, पेशागत, मोर्चा तथा सामाजिक संगठन, मातहत समिति, सम्पर्क समिति, उपत्यका विशेष समिति र प्रवास समितिको काममा प्रमुख तथा उपप्रमुख वा इञ्चार्ज तथा सहइञ्चार्जको जिम्मेवारी केन्द्रीय समितिले तोक्नेछ ।

**(४) पार्टी इञ्चार्जको व्यवस्था बारे :**

(क) पार्टीको केन्द्रीय समिति बाहेकका पार्टी समिति, जनवर्गीय संगठन, मोर्चा संगठन तथा विभागहरुमा रेखदेख, नीति निर्देशन, समन्वय आदिका लागि इञ्चार्ज तोकिनेछ,

(ख) पार्टीको प्रदेश समिति र सो सरहका पार्टी समितिहरु, जिल्ला समन्वय समिति र सो सरहका समितिहरु, केन्द्रीय तहका जनवर्गीय संगठन र मोर्चा संगठनहरु, केन्द्रीय स्तरका विभागहरुका लागि केन्द्रीय समितिले इन्चार्ज तोक्नेछ,

(ग) प्रदेश तहका जनवर्गीय संगठन, मोर्चा संगठन तथा विभागका लागि प्रदेश समितिले इञ्चार्ज तोक्नेछ,

(घ) पार्टीको स्थानीय तह नगर/गाउँ समितिहरु, जिल्ला तहमा जनवर्गीय संगठन र मोर्चा संगठन रहेको स्थितिमा प्रदेश समितिले इञ्चार्ज तोक्नेछ,

(ङ) नगर/गाउँपालिका तहदेखि तलका पार्टी समिति तथा अन्य जनवर्गीय संगठन, मोर्चा संगठन, विभाग आदिको इञ्चार्ज नगर/गाउँ समितिले तोक्नेछ,

(च) कुनै पनि पार्टी समिति वा जनवर्गीय वा मोर्चा संगठन वा निकायका लागि तोकिएका इञ्चार्ज र सहइञ्जार्च सम्बन्धित समिति वा निकायमा सदस्य हुने छैनन् र मताधिकार पनि हुनेछैन,

(छ) कुनै पनि पार्टी समितिको इन्चार्ज तोक्दा उक्त समितिभन्दा माथिल्लो समितिले तोक्नेछ ।

**(५) विभाग तथा मोर्चाहरूमा इन्चार्जको काम कर्तव्य र अधिकार :**

(क) पार्टीको तर्फबाट वैचारिक राजनीतिक नेतृत्व दिने,

(ख) राजनीतिक रुपमा सम्पर्क र समन्वय गर्ने,

(ग) पार्टीका नीति निर्णयहरुको सम्प्रेषण तथा स्पष्ट पार्ने,

(घ) पार्टीको विचार राजनीतिद्वारा संगठन व्यवस्थापन गर्न निर्देशन दिने,

(ङ) पार्टीका निर्णयहरुको कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(६) विभाग तथा मोर्चाहरुमा प्रमुखको व्यवस्था हुनेछ । प्रमुखको चयन सोही समितिका सदस्यहरुमध्येबाट हुनेछ ।

**धारा – ४८. अनुगमन तथा मूल्याङ्कन**

(१) प्रत्येक समितिले आफ्नो र मातहत समितिका पदाधिकारी एवम् सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन्, त्यसको अभिलेखिकरण गर्नेछन्,

(२) प्रत्येक समितिले आफ्नो समिति र मातहतका समितिबाट सरकार, सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तहमा निर्वाचित वा मनोनित र तोकिएको कुनै निकायमा नियुक्ति प्राप्त पदाधिकारी एवम् सदस्यहरूको कामको अनुगमन र मूल्याङ्कन गर्नेछन्,

(३) राज्यका विशिष्टिकृत कार्यक्षेत्रमा जिम्मेवारी तोक्नका लागि आवश्यक देखिएमा त्यसको लागि प्रस्तावित पार्टी सदस्य वा अन्य व्यक्तिहरुको सूचि विवरण तयार गरी सोही तहको समितिले निर्णय गरेबमोजिम जिम्मेवारी तोकिनेछ ।

# भाग – एघार

# जनवर्गीय, पेशागत, मोर्चा, सम्पर्क मञ्च, प्रवास क्षेत्र र अन्य सामाजिक सङ्गठनका कामहरु

**धारा – ४९. जनवर्गीय, पेशागत, मोर्चा तथा अन्य सामाजिक सङ्गठन**

(१) पार्टीसम्बद्ध जनवर्गीय, पेशागत, मोर्चा र अन्य सामाजिक सङ्गठनहरू तोकिए बमोजिम हुनेछन् ।

(२) उपधारा १ बमोजिमका सङ्गठनहरू पार्टीको वैचारिक राजनीतिक नेतृत्व र आफ्नो विधानअनुरूप सञ्चालित हुनेछन् ।

### धारा – ५०. सम्पर्क मञ्च

(१) काठमाडौं उपत्यकामा सम्पर्क समन्वय समिति र प्रदेश सम्पर्क समितिको मातहतमा जिल्ला, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समिति र नगर/गाउँ स्तरका सम्पर्क मञ्चहरू गठन हुनेछन् ।

(२) सम्पर्क मञ्चमा पार्टीका सङ्गठित सदस्य, सदस्य र समर्थकहरू रहन सक्नेछन् ।

(३) सम्पर्क मञ्चसम्बन्धी अन्य व्यवस्था 'सम्पर्क मञ्च सञ्चालन निर्देशिका' बमोजिम हुनेछ ।

### धारा – ५१. प्रवास क्षेत्रको काम

प्रवासी नेपाली नागरिकहरुको बीचमा सम्पर्क, सम्बन्ध गर्न, देशभक्ति एवम् एकताको भवना जागृत गराइराख्न, प्रवासी नेपालीहरुको हकहितको रक्षा गर्न र समस्याहरु समाधानका लागि सहजिकरण गर्न प्रवासमा पार्टीले उपयुक्त संगठन र विधिद्वारा भूमिका खेल्नेछ, त्यस बारेमा ठोस नीति एवम् योजना निर्देशिकाद्वारा स्पष्ट पारिने छ ।

## भाग – बाह्र

## सङ्घीय संसद्, प्रदेससभा र स्थानीय तह

### धारा – ५२. सङ्घीय संसद्, प्रदेशसभा र स्थानीय तह कामका क्षेत्र हुने

(१) सघीय संसद्, प्रदेशसभा र स्थानीय तह पार्टी कामका महत्वपूर्ण क्षेत्र हुनेछन्,

(२) पार्टीले सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहमा दल, विभाग र बोर्डमार्फत् आफ्नो नीति, नेतृत्व र निर्णय लागू गर्नेछ,

(३) संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको दायित्व, कर्तव्य पालना र आचरणका बारेमा पार्टीले निर्देशिका जारी गर्नेछ ।

### धारा – ५३. सङ्घीय संसदीय दल

**(१) सङ्घीय संसदीय दलको गठनः**

(क) नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को चुनाव चिन्ह, नेपाल कम्युनिष्ट पार्टी ( ने क पा) को चुनाव चिन्हमा विजयी सांसदहरू एवम् पछि दलको सदस्यता ग्रहण गरेका सांसदहरू रहने गरी पार्टीको सघीय संसदीय दल गठन हुनेछ,

(ख) सङ्घीय संसदीय दलले आफ्नो विधान र नियमावली निर्माण गरी पार्टी केन्द्रीय समितिबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

(ग) केन्द्रीय समितिले पार्टीको कार्यक्रम र नीतिअनुरूप सङ्घीय संसदीय दललाई नेतृत्व प्रदान गर्नेछ,

(घ) सङ्घीय संसदीय दलका सदस्यहरूले पार्टी केन्द्रीय समितिले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी समितिले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ,

(ङ) सङ्घीय संसदीय दल र सांसदहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्, पार्टीको नीति, घोषणा-पत्र र निर्णयहरूको पालना गर्नु दलका सदस्यहरुको कर्तव्य हुनेछ,

(च) सङ्घीय संसदीय दलका अधिकार र कर्तब्य दलको विधान र नियमावली बमोजिम हुनेछन् ।

**(२) सङ्घीय संसदीय दलका पदाधिकारीहरूको चयन :**

(क) सङ्घीय संसदीय दलले पार्टी निर्णय अनुसार पार्टीको निर्देशनमा आफ्नो विधान र नियमावली अनुरूप दलको नेताको चयन गर्नेछ,

(ख) दलको नेताले उपनेता, मुख्य वा प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

**(३) सङ्घीय संसदीय बोर्डको गठन**

(क) सङ्घीय संसद्मा पार्टीको भूमिकालाई प्रभावकारी बनाउन केन्द्रीय समितिले दलको नेता, उपनेता, मुख्य वा प्रमुख सचेतक, सचेतक र आवश्यक सदस्यहरू रहेको सङ्घीय संसदीय बोर्ड गठन गर्नेछ,

(ख) दलको नेता र उपनेता बोर्डको प्रमुख र उपप्रमुख हुनेछन्,

(ग) सङ्घीय संसदीय बोर्डका अधिकार र कर्तब्य दलको विधान र नियमावलीबमोजिम हुनेछन् ।

## धारा – ५४. प्रदेशसभा दल

**(१) प्रदेशसभा दलको गठन :**

(क) नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को चुनाव चिन्ह एवम् नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को चुनाव चिन्हमा विजयी प्रदेश सभा सदस्यहरू र पछि प्रदेश सभा दलको सदस्यता ग्रहण गरेका सदस्यहरू रहने गरी पार्टीको प्रदेशसभा दल गठन हुनेछ,

(ख) प्रदेशसभा दलले आफ्नो नियमावली निर्माण गरी पार्टीको प्रदेश समितिबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

(ग) प्रदेश समितिले पार्टीको कार्यक्रम र नीतिअनुरूप प्रदेशसभा दललाई नेतृत्व प्रदान गर्नेछ,

(घ) प्रदेशसभा दलका सदस्यरूले पार्टीको प्रदेश समितिले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी समितिले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनुपर्नेछ,

(ङ) प्रदेशसभा दल र दलका सदस्यहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्, पार्टीका नीति र निर्णयहरू पालना गर्नु उनीहरूको कर्तव्य हुनेछ,

(च) प्रदेशसभा दलका अधिकार र कर्तब्य दलको नियमावलीबमोजिम हुनेछन् ।

**(२) प्रदेशसभा दलका पदाधिकारीहरूको चयन**

(क) प्रदेशसभा दलले पार्टीको निर्देशन र दलको नियमावली अनुरूप दलको नेता चयन गर्नेछ,

(ख) दलको नेताले पार्टी निर्णय अनुसार उपनेता, प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

**(३) प्रदेशसभा बोर्डको गठन**

(क) पार्टीको तर्फबाट प्रदेशसभामा गरिने कामलाई प्रभावकारी बनाउन पार्टीको सम्बन्धित प्रदेश समितिको निर्देशनमा दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र आवश्यक सदस्यहरू रहेको प्रदेशसभा बोर्डको गठन गरिनेछ । दलको नेता र उपनेता क्रमशः बोर्डको प्रमुख र उपप्रमुख हुनेछन्,

(ख) प्रदेशसभा बोर्डका अधिकार र कर्तब्य प्रदेशसभा दलको नियमावलीबमोजिम हुनेछन्,

(ग) प्रदेशसभा दलको नियमावली सङ्घीय संसदीय दलको विधान र नियमावलीसँग बाझिनु हुँदैन ।

## धारा – ५५. स्थानीय तह दल

**(१) स्थानीय तह दलको गठनः**

(क) महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकामा पार्टीको तर्फबाट निर्वाचित र मनोनित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू रहेको स्थानीय तह दल गठन गरिनेछ,

(ख) स्थानीय तह दलले आफ्नो नियमावली निर्माण गरी पार्टीको नगर/गाउँ समितिबाट अनुमोदन गराउनेछ र त्यसैका आधारमा कार्य गर्नेछ,

(ग) नगर/गाउँ समितिले पार्टीको कार्यक्रम र नीतिअनुरूप स्थानीय तह दललाई नेतृत्व प्रदान गर्नेछन्,

(घ) स्थानीय तह दलका सदस्यहरूले पार्टी नगर/गाउँ समितिले तोकेको जिम्मेवारी पूरा गर्नुपर्नेछ र आफूसम्बद्ध पार्टी समितिले तोकेको कार्यक्षेत्र एवम् आफू निर्वाचित भएको निर्वाचन क्षेत्रमा कार्यरत रहनु पर्नेछ,

(ङ) स्थानीय तह दल र दलका सदस्यहरू देश, जनता र पार्टीप्रति उत्तरदायी हुनेछन्, पार्टीका नीति र निर्णयहरू पालना र कार्यान्वयन गर्नु उनीहरूको कर्तव्य हुनेछ,

(च) स्थानीय तह दलका अधिकार र कर्तब्य दलको नियमावलीबमोजिम हुनेछन् ।

**(२) स्थानीय तह दलका पदाधिकारीहरू:**

(क) नगर/गाउँ समितिले स्थानीय तह दलको प्रमुख वा अध्यक्ष नभए उपप्रमुख वा उपाध्यक्ष र सो पनि नभए बरिष्ठ सदस्यलाई दलको नेता नियुक्त गर्नेछ,

(ख) दलको नेताले सम्बन्धित पार्टी समितिको निर्णय अनुसार उपनेता, प्रमुख सचेतक र सचेतक नियुक्त गर्नेछन् ।

**(३) स्थानीय तह बोर्डको गठन:**

(क) पार्टीको तर्फबाट स्थानीय तहमा गरिने कामलाई प्रभावकारी बनाउन पार्टी नगर/गाउँ समितिको निर्देशनमा दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र आवश्यक सदस्यहरू रहेको स्थानीय तह बोर्डको गठन गरिनेछ । दलको नेता र उपनेता क्रमशः बोर्डको प्रमुख र उपप्रमुख हुनेछन् ।

(ख) स्थानीय तह बोर्डका अधिकार र कर्तब्य स्थानीय तह दलको नियमावलीबमोजिम हुनेछन् ।

(ग) स्थानीय तह दलको नियमावली प्रदेशसभा दलको नियमावली र सङ्घीय संसदीय दलको विधान तथा नियमावलीसँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

# भाग – तेह्र

# सङ्गठनात्मक सिद्धान्त, पद्दति र अनुशासन

## धारा – ५६. सङ्गठनात्मक सिद्धान्त र पद्दति

**(१) पार्टीको सङ्गठनात्मक सिद्धान्त र पद्धति देहायबमोजिम हुनेछ:**

(क) जनवादी केन्द्रियता पार्टीको सङ्गठनात्मक सिद्धान्त हुनेछ । जनवादको जगमा वैचारिक केन्द्रियता र वैचारिक केन्द्रियताका आधारमा संगठनात्मक केन्द्रियता नै जनवादी केन्द्रियता हो । पार्टीको सङ्गठनात्मक जीवनमा व्यक्ति समितिको

मातहत, अल्पमत बहुमतको मातहत, तल्लो समिति माथिल्लो समितिको मातहत, सबै सदस्य तथा समितिहरू केन्द्रीय समितिको मातहत, केन्द्रीय समिति राष्ट्रिय महाधिवेशनको मातहत हुनेछन् । पार्टीको सार्वभौम अधिकार सङ्गठित सदस्यमा निहीत रहनेछ । निर्णय प्रक्रियामा मत राख्ने स्वतन्त्रता र निर्णय कार्यान्वयनमा एकरूपता हुनेछ ।

(ख) कुनै पनि मातहत समितिले माथिल्लो समितिको वा सदस्यले आफ्नो समितिको निर्णय र विचारप्रति आफ्नो समितिमा मौखिक वा लिखित असहमति प्रकट गर्न पाउनेछन् । तर, हरेक सदस्य वा समितिले सम्बन्धित समितिको बहुमत र माथिल्लो समितिले गरेको निर्णय पालना गर्नुपर्नेछ र बहुमतले अल्पमतको कदर गर्नुपर्नेछ ।

(ग) बिषयको गम्भीरता र आवश्यकतालाई दृष्टिगत गरी केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशन अगावै पनि सैद्धान्तिक, कार्यक्रमिक वा नीतिगत बिषयमा छलफल तथा बहस खुला गर्न सक्नेछ । सङ्गठित सदस्यले विधानको अधीनमा रही राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा आफ्नो समितिको बैठकमा मत राख्न पाउनेछन् । फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्व निर्वाह र अनुशासनको पालना गरिरहनुपर्नेछ ।

(घ) समितिको निर्णय पुस्तिकामा औपचारिक रूपले उल्लेख गरिएको वा लिखित रूपमा सम्बन्धित समितिमा प्रस्तुत गरिएको मतलाई फरक मत मानिनेछ । यस्तो मतका सम्बन्धमा छलफलको माग भएमा तोकिएको प्रक्रियाअनुरूप छलफलमा लान सकिनेछ ।

(ङ) राष्ट्रिय महाधिवेशनको निर्णयसँग असहमतिका विषयलाई अर्को राष्ट्रिय महाधिवेशन वा केन्द्रीय समितिले बहस खुला गरेको अवस्थामा तोकिएको प्रक्रियाद्वारा उठाउन र अर्को राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्न सकिनेछ ।

(च) पार्टीले लिने नीतिका बारे कुनैपनि बेला जनस्तरसम्म छलफल, बहस, गोष्ठि, अन्तरक्रिया खुल्ला गर्न सकिने छ ।

## धारा – ५७. अनुशासनको कारबाही

(१) देहायको अवस्था प्रमाणित भएमा कुनै पनि समिति वा निकाय र तिनका पदाधिकारी तथा सदस्यहरूमाथि अनुशासनात्मक कारबाही हुनेछः

(क) पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र वैधानिक व्यवस्थाको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा,

(ख) पार्टीभित्र गुटबन्दी तथा षड्यन्त्र गरेमा,

(ग) पार्टी निर्णय उल्लङ्घन गरेमा,

(घ) पार्टीप्रति निष्ठा र विश्वास नरहेमा,

(ङ) पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेमा,

(च) पार्टी समितिको गोपनीयता भङ्ग गरेमा,

(छ) पार्टीद्वारा सञ्चालित आन्दोलन र अभियानको विपक्षमा रहेमा वा विरोधीसँग साँठगाँठ गरेमा,

(ज) कुनै पनि जनप्रतिनिधिमूलक संस्थाको निर्वाचनमा पार्टीको निर्णयविपरीत उम्मेदवार बनेमा, पार्टीको उम्मेदवारविरुद्ध प्रचार गरेमा वा पार्टीको उम्मेदवारका विरुद्धमा उम्मेदवारी दिएमा, अन्य कुनै उम्मेदवारको प्रस्तावक वा समर्थक बनेमा वा त्यस्तो उम्मेदवारको पक्षमा कुनै काम गरेमा,

(झ) केन्द्र तथा प्रदेश सरकार, स्थानीय तह र जनप्रतिनिधि संस्थालगायत पार्टीले पठाएको कुनै पनि जिम्मेवारीमा रहँदा पार्टी निर्णय र निर्देशनविपरीत कार्य गरेमा,

(ञ) केन्द्र, प्रदेश, स्थानीय तह तथा अन्य जनप्रतिनिधिमूलक संस्थामा पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिहरुले दल त्याग गरेमा वा आफै संलग्न भई नयाँ दल गठन गरेमा,

(ट) नैतिक पतन देखिने फौजदारी कसुर गरेमा, भ्रष्ट तथा अनैतिक आचरण गरेको र भ्रष्ट वा अवाञ्छित तत्वसँग साँठगाँठ गरेमा तथा राष्ट्रको हितविपरीत काम गरेमा,

(ठ) पार्टीले माग गरेको अवस्थामा सम्पत्तिको यथार्थ विवरण नदिई लुकाएर राखेमा, झुट्ठा विवरण पेश गरेमा वा स्रोत खुलाउन नचाहेमा,

(ड) पदीय आचरण वा पार्टी हितविपरीत आर्थिक अनुशासनहीनता वा पार्टी सम्पत्तिको हिनामिनामा संलग्न भएमा वा राष्ट्रको सम्पत्तिको हिनामिना गरेमा वा दुरुपयोग गरेमा वा भ्रष्टाचार गरेमा,

(ढ) छुवाछूत, जातीय भेदभाव, बहुविवाह र लैङ्गिक हिंसाका क्रियाकलाप गरेमा,

(ण) पार्टीको विधान र नियमावलीमा पार्टी सदस्य वा पार्टी समितिहरूले पालन गर्नुपर्ने भनी उल्लेखित कर्तव्यको उल्लङ्घन गरेमा ।

**(२) अनुशासनात्मक कारबाही र कारबाहीको प्रक्रिया देहायबमोजिम हुनेछ :**

(क) धारा ५६(१)मा उल्लेखित क्रियाकलाप गरेबापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले आलोचना गर्ने वा चेतावनी दिने वा पदबाट

घटुवा गर्ने वा पदमुक्त गर्ने वा सदस्यताबाट निलम्बन वा निष्काशन गर्ने वा पार्टी सदस्यता वा सङ्गठित सदस्यताबाट निष्काशन गर्नेसम्मको कारबाही गर्न सक्नेछ, सम्बन्धित व्यक्तिले आफ्नो गल्तिप्रति आत्मालोचना गर्न सक्नेछ,

(ख) कुनै पनि समिति वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालना नगरेमा समितिको हकमा माथिल्लो समितिले सचेत गर्ने वा नसिहत दिने वा निलम्बन गर्ने वा विघटन गर्न सक्नेछ र सदस्यको हकमा सम्बन्धित समितिले ठोस आधार तथा कारण खुलाई नसिहत वा एक पद घटुवा गर्न सक्नेछ, तर, त्यस्तो निर्णय एक तह माथिल्लो समितिबाट अनुमोदन भएपछि लागू हुनेछ,

(ग) सेल, टोल र वडा समितिसम्मको सदस्य र समितिको कारबाही नगर/गाउँ समितिले गर्न सक्नेछ, नगर/गाउँ समितिको सदस्य र समितिको हकमा प्रदेश समितिले अनुशासनको कारबाही गर्नेछ, तर कुनै पनि तहको निर्णय त्यसको अनुमोदन एक तह माथिल्लो समितिबाट गराउनु पर्नेछ,

(घ) प्रदेश समिति सदस्य र प्रदेश समितिलाई कारबाही गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ,

(ङ) केन्द्रीय समितिका सदस्यहरु माथिको अनुशासनको कारवाही केन्द्रीय समितिले गर्नेछ,

(च) सङ्गठित सदस्यताबाट निलम्बन गर्ने अधिकतम अवधि बढीमा एक बर्षसम्म हुनेछ,

(छ) सङ्घीय संसदीय दलको सदस्यले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा संसदीय कामसँग सम्बन्धित विषयमा केन्द्रीय समितिले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको समितिले अनुशासरको कारबाही गर्नेछ,

(ज) प्रदेशसभा दलको सदस्यले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा प्रदेशसभाको कामसँग सम्बन्धित विषयमा सम्बन्धित प्रदेश समितिको सिफारिसमा केन्द्रीय समितिले र पार्टी कामसँग सम्बन्धित विषयमा निज सङ्गठित रहेको पार्टी समितिले कारबाही गर्नेछ,

(झ) स्थानीय तहमा कार्यरत जनप्रतिनिधिले पार्टी अनुशासन उल्लङ्घन वा पार्टी निर्णय अवज्ञा वा पार्टीको हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा सम्बन्धित नगर/गाउँ समितिको र सम्बन्धित प्रदेश समितिको सिफारिसमा केन्द्रीय समितिले कारबाही गर्नेछ,

(ञ) पार्टीका विरुद्ध शत्रुतापूर्ण गतिविधि गरेको वा धारा-९.१ बमोजिम स्वतः पार्टी सदस्यता वा सङ्गठित सदस्यता समाप्त हुने अवस्थामा बाहेक कुनै पनि सदस्य वा सङ्गठित सदस्य वा समितिमाथि कारबाही गर्नुअघि स्पष्टिकरणको मौका दिइनेछ,

(ट) आफूमाथि भएको कारबाही चित्त नबुझे माथिल्लो समितिमा र केन्द्रीय समितिको निर्णय चित्त नबुझे केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिनेछ । केन्द्रीय अनुशासन आयोगको निर्णय चित्त नबुझेमा राष्ट्रिय महाधिवेशनसमक्ष पुनरावेदन गर्न सकिनेछ,

(ठ) गल्तिको प्रकृति र जिम्मेवारीको स्तर हेरी अनुशासनको कारबाहीको स्तर फरक-फरक हुन सक्नेछ ।

# भाग - चौध

# विशेष राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठक

## धारा - ५८. विशेष महाधिवेशन

(१) कार्यसूचि र उचित कारण उल्लेख गरी बहुसंख्यक प्रदेश समिति वा २५ प्रतिशत सङ्गठित सदस्यले लिखित माग गरेको खण्डमा मागपत्र दर्ता गरेको मितिले छ महिनाभित्र केन्द्रीय समितिले विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्नुपर्नेछ,

(२) धारा ५७.१ बमोजिम राष्ट्रिय महाधिवेशन आयोजना नगरिएमा राष्ट्रिय महाधिवेशनको माग गर्ने समिति वा सदस्यहरूले राष्ट्रिय महाधिवेशन आयोजक समिति बनाई विशेष राष्ट्रिय महाधिवेशन आयोजना गर्न सक्नेछन्,

(३) विशेष परिस्थिति उत्पन्न भई केन्द्रीय समितिले आवश्यक ठानेको अवस्थामा विशेष राष्ट्रिय महाधिवेशनको आयोजना गर्न सक्नेछ ।

## धारा - ५९. अधिवेशन

(१) प्रदेश तथा स्थानीय तहका समितिहरूको अधिवेशनमा प्रतिनिधित्वको व्यवस्था देहायबमोजिम हुनेछः

(क) अधिवेशन आयोजना गर्ने समितिले तोकेबमोजिम सङ्गठित सदस्यबाट निर्वाचित प्रतिनिधिहरू,

(ख) उपधारा १(क) को कूल सङ्ख्याको बढीमा दश प्रतिशत सम्बन्धित समितिबाट मनोनीत प्रतिनिधिहरू,

(२) सबै तहका पार्टी समितिको चयन अधिवेशनले र पदाधिकारीको चयन सम्बन्धित तहको समितिले गर्नेछ,

(३) सबै तहका अधिवेशनहरूले विधानको मातहत रही प्रतिवेदन र प्रस्तावहरू पारित गर्ने, आफ्नो कार्यक्षेत्रका समग्र कामको मूल्याङ्कन गर्ने, आगामी कामको योजना बनाउने र नयाँ नेतृत्वको चयन गर्नेछन् ।

## धारा – ६०. राष्ट्रिय सम्मेलन

दुई राष्ट्रिय महाधिवेशनको बीचमा पार्टीको नीति, कार्यक्रम, संगठन, पार्टी एकता वा विभाजन वा कुनै विशेष परिस्थिति उत्पन्न भएमा केन्द्रीय समितिले राष्ट्रिय सम्मेलनको आयोजना गर्न सक्नेछ । त्यस्तो सम्मेलनले गरेको निर्णयको अनुमोदन त्यसपछि आयोजना हुने राष्ट्रिय महाधिवेशनद्वारा गरिनु पर्नेछ । राष्ट्रिय सम्मेलनको प्रतिनिधित्व केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

## धारा – ६१. राष्ट्रिय भेला

देशमा वा पार्टीमा कुनै विशिष्ट परिस्थिति सृजना हुन गएको अवस्थामा वृहद् रुपमा पार्टी सदस्यहरुको राय लिनुपर्ने वा पार्टीमा कुनै बिषयमा एकरुपताका साथ संप्रेषण गर्नुपर्ने आवश्यकता देखिएमा केन्द्रीय समितिले पार्टीको राष्ट्रिय भेला बोलाउन सक्नेछ । भेलामा प्रतिनिधित्व केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

## धारा – ६२. बैठक

(१) पार्टी समिति, आयोग, परिषद्, सचिवालय र विभागका बैठक देहायबमोजिम हुनेछन्:

(क) सामान्यतया राष्ट्रिय परिषद्को बैठक एक वर्ष, केन्द्रीय समितिको बैठक छ महिना, पोलिट्ब्युरोको बैठक ४ महिना, स्थायी समितिको बैठक एक महिना, प्रदेश समितिको बैठक ३ महिना, जिल्ला समन्वय समिति, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय समिति र महानगर समितिको बैठक दुई महिना र सोभन्दा तल्लो तहका समितिको बैठक हरेक महिना आयोजना गर्नुपर्नेछ । विशेष कारणले बैठकको अवधि अघि वा पछि हुन सक्नेछ । त्यसको निर्णय सम्बन्धित समितिको सचिवालयले गर्नेछ । तर बैठक सार्दा दुई बैठक बीचको अवधिभन्दा बढि हुनेछैन ।

(ख) बैठकको गणपुरक संख्या कायम रहेको सदस्य संख्याको बहुमत हुनेछ ।

(ग) केन्द्रीय विभागको बैठक तीन महिनामा र सचिवालय, कार्यालय र मातहतका विभागहरुका बैठक आवश्यकतानुसार हुनेछन् ।

(घ) सबै तहका सल्लाहकार समिति र जेष्ठ कम्युनिष्ट मञ्चका बैठकहरू आवश्यकतानुसार आयोजना गरिनेछ ।

(ङ) समितिका २५ प्रतिशत सदस्यहरूले लिखित माग गरेको खण्डमा केन्द्रीय समितिको बैठक एक महिनाभित्र, पोलिट व्यूरो, स्थायी समिति र मातहतका समितिहरुको बैठक पन्ध्र दिनभित्र बोलाउनु पर्नेछ ।

(च) केन्द्रीय आयोगका बैठक आ-आफ्नो कार्य-सम्पादन नियमावलीमा तोकिएबमोजिम हुनेछन् ।

### धारा - ६३. बहुमतको निर्णय- पार्टी निर्णय

(१) राष्ट्रिय महाधिवेशन, अधिवेशन र बैठकहरूमा सबै विषयमाथि छलफल गर्दा जनवादी प्रक्रिया अपनाइने छ । निर्णय प्रक्रियामा सहमतिको पद्दतीलाई प्राथमिकता दिइने छ । मत विभाजन भएमा उपस्थित सदस्यको बहुमतको निर्णय पार्टी निर्णय हुनेछ ।

(२) निर्णयमा असहमत हुने सदस्यले आफ्नो असहमति सम्बन्धित राष्ट्रिय महाधिवेशन, अधिवेशन वा बैठकसमक्ष लिखितरूपमा प्रस्तुत गर्न सक्नेछ ।

(३) फरक मत प्रस्तुत गर्ने सदस्यले आफ्नो मत छलफलमा लैजान माग गरेमा सम्बन्धित समितिले आवश्यक प्रक्रिया निर्धारण गरी छलफलको अनुमति दिन सक्नेछ ।

## भाग - पन्ध्र

## पार्टी कोष र सम्पत्ति सम्बन्धी व्यवस्था

### धारा - ६४. पार्टी कोष

(१) केन्द्रीय समितिले पार्टीको केन्द्रीय कोषको निर्माण एवम् सञ्चालन गर्नेछ । त्यसको स्रोत देहायबमोजिम हुनेछः

(क) तोकिएको सदस्यता शुल्क तथा लेबी,

(ख) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा स्वेच्छिक रुपमा गरेको सहयोग,

(ग) प्रकाशन बिक्री-वितरण,

(घ) पार्टी सम्पत्तिको परिचालन,

(ङ) स्रोतका लागि सञ्चालन गरिने उत्पादन कार्य, विशेष कार्यक्रम वा अभियान,

(२) पार्टीका प्रदेश तथा स्थानीय समितिहरूले आफ्नो समितिका सदस्यहरू तथा मातहतका समितिबाट निर्णय गरिएका शुल्क एवम् लेवी र समर्थक - शुभचिन्तकहरूबाट प्राप्त सहयोग सङ्कलन गरी आफ्नो तहको कोष निर्माण एवम् सञ्चालन गर्नेछन्,

(३) पार्टी कोष तथा सम्पत्तिको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक विनियमअनुसार हुनेछ ।

## धारा – ६५. कार्यकर्ता संरक्षण कोष

(१) पार्टी कार्यकर्ता संरक्षणका लागि एउटा कोष हुनेछ,

(२) यसको सञ्चालन कार्यकर्ता संरक्षण कोष विनियम अनुसार गरिनेछ,

(३) केन्द्रीय समितिको अनुमति लिएर यस्तो कोष प्रदेश तथा नगर/गाउँ समितिसम्म स्थापना गर्न सकिनेछ ।

## धारा – ६६. पार्टीको अचल र जिन्सी सम्पत्ति

(१) पार्टीको आवश्यकता अनुसार अचल सम्पत्ति खरिद बिक्री गर्न सक्नेछ,

(२) पार्टीको नाममा भएका अचल र जिन्सीलगायत सम्पूर्ण सम्पत्तिमा पार्टी केन्द्रीय समितिको पूर्ण स्वामित्व रहनेछ । त्यसको अभिलेख आर्थिक विनियममा तोकिएबमोजिम राख्नुपर्नेछ,

(३) केन्द्रीय समितिको लिखित अनुमतिबिना लिइएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही रहनेछैन ।

## धारा – ६७. पूर्णकालीन पदाधिकारी वा सदस्यहरूको निर्वाह खर्च व्यवस्था

(१) परिभाषित जिम्मेवारीसहित पूर्ण समय पार्टी काममा लगाउने व्यक्तिलाई सम्बन्धित पार्टी समितिले निर्वाह खर्चको व्यवस्था गर्नेछ ,

(२) पार्टीका कुनै विशेष काममा पार्टी नेता वा कार्यकर्तालाई खटाउँदा हुने खर्चको व्यवस्था पार्टीले गर्नेछ ।

## धारा – ६८. लेखा र लेखापरीक्षण

(१) पार्टीको सबै तहमा आय-व्ययको लेखा केन्द्रीय लेखापरीक्षण आयोगले तोकेबमोजिम राखिनेछ ,

(२) सबै समितिहरूले पार्टीको आर्थिक विनियम अनुसार आफ्नो आय-व्ययको लेखा राख्नेछन्,

(३) प्रत्येक पार्टी समितिले हरेक आर्थिक वर्षभित्र लेखापरीक्षण गराई माथिल्लो समितिमा पेश गर्नुपर्नेछ र आफ्नो तहको अधिवेशनमा सिङ्गो अवधिको लेखापरीक्षण प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ,

(४) लेखा र लेखापरीक्षणसम्बन्धी अन्य कार्य आर्थिक विनियममा तोकिएबमोजिम हुनेछ ।

# भाग – सोह्र

# विविध

## धारा – ६९. कार्यालय सञ्चालन

(१) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ, यसको सञ्चालन केन्द्रीय समितिले गर्नेछ, यसको सञ्चालन एवम् व्यवस्थापन नियमावलीमा व्यवस्थापन भए अनुरुप हुनेछ,

(२) प्रदेश समिति, उपत्यका विशेष समिति, सम्पर्क समन्वय समिति, प्रवास समिति तथा स्थानीय समितिहरूले आ-आफ्नो तहका कार्यालय आफैं व्यस्थापन र सञ्चालन गर्नेछन् ।

## धारा – ७०. सम्पत्ति विवरण

(१) धारा १८(५)(ग) सँग सम्बन्धित व्यक्तिले देहायबमोजिम सम्पत्ति विवरण बुझाउनुपर्नेछः

(क) आफू निर्वाचित वा मनोनीत वा नियुक्त भएको दुई महिनाभित्र अनुशासन आयोगले तोकेको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको विवरण,

(ख) आफू सो पदमा रहुञ्जेल आर्थिक वर्ष पूरा भएको ३० दिनभित्र अनुशासन आयोगले तोकेको ढाँचामा आफ्नो सम्पूर्ण चल-अचल सम्पत्तिको अद्यावधिक विवरण,

(ग) पार्टी विघटन भएको अवस्थामा पार्टीको स्वामित्वमा रहेका सम्पूर्ण सम्पत्तिहरु राज्यको स्वामित्वमा रहनेछ,

(घ) पार्टीको केन्द्रीय समिति, प्रदेश समिति र नगर/गाउँ समितिका सदस्यहरुले तोकिएको ढाँचामा आफ्नो सम्पत्ति विवरण पार्टी केन्द्रीय कार्यालयमा बुझाउनु पर्नेछ ।

## धारा – ७१. दुई तिहाई बहुमत चाहिने

नेपालको संविधानले व्यवस्था गरेको संसद्को दुई तिहाई बहुमतबाट अनुमोदन हुनुपर्ने विषयमा निर्णय लिँदा पार्टी केन्द्रीय समितिको दुई तिहाई बहुमत आवश्यक हुनेछ ।

## धारा – ७२. प्रतिष्ठान

**(१) पार्टीसम्बद्ध प्रतिष्ठानहरू दुई प्रकारका हुनेछन्ः**

(क) स्मृति प्रतिष्ठान,

(ख) अध्ययन-अनुसन्धान प्रतिष्ठान ।

(२) निधन भएका पार्टीका नेताहरु, सहिदहरु, आन्दोलनहरुको स्मृतिमा गठित र स्थापित स्मृति प्रतिष्ठानहरूले पार्टीको मूल नीति र विधान विपरीत नहुने गरी वैचारिक एवम् सामाजिक काम गर्नेछन् ।

(३) अध्ययन-अनुसन्धान प्रतिष्ठानले समाज विज्ञानका विभिन्न विधाहरूमा अध्ययन-अनुसन्धान गरेर विविध सामग्रीहरू तयार पारी पार्टी नीतिलाई समृद्ध पार्न सहयोग गर्नेछन् ।

(४) पार्टी सम्बद्ध प्रतिष्ठानहरूको नियमावली, सञ्चालन विधि, अधिकार र कर्तव्य 'प्रतिष्ठान सञ्चालन निर्देशिका' बमोजिम हुनेछ ।

## धारा– ७३. विधान संशोधन

(१) पार्टीको घोषित सिद्धान्त र मान्यता, नेपालको संविधान, प्रचलित कानूनको प्रतिकूल नहुने गरी पार्टीको राष्ट्रिय सम्मेलन वा राष्ट्रिय महाधिवेशनबाट विधान संशोधन, परिमार्जन र प्रतिस्थापन गरी नयाँ विधान जारी गर्न सक्नेछ,

(२) राष्ट्रिय सम्मेलन वा राष्ट्रिय महाधिवेशन अगावै विधान संशोधन गर्नु पर्ने भएमा राष्ट्रिय सम्मेलन वा रीष्ट्रिय महाधिवेशन प्रति उत्तरदायी हुने गरी पार्टी केन्द्रीय समितिले पार्टी विधान संशोधन, परिमार्जन र प्रतिस्थापन गरी नयाँ विधान जारी गर्न सक्नेछ ।

## धारा– ७४. भए गरेका काम कायम रहने

यस अघि पार्टीको अन्तरिम विधान बमोजिम भए गरेका सम्पूर्ण काम, कारबाही यसै विधान बमोजिम गरेको मानिने छ ।

## धारा– ७५. नियम बनाउने अधिकार

केन्द्रीय समितिले विधानसँग नबाझिने गरी नियमावली, विनियम, निर्देशिका र आचारसंहिता निर्माण गरी लागू गर्न सक्नेछ ।

## धारा – ७६. बाधा–अड्काउ फुकाउने

यस विधानको कार्यान्वयनमा कुनै बाधा-अड्काउ पर्न आएमा केन्द्रीय समितिले उक्त बाधा-अड्काउ फुकाउने छ, त्यसको अनुमोदन, राष्ट्रिय सम्मेलन वा राष्ट्रिय महाधिवेशनबाट गराउनुपर्नेछ ।

## धारा – ७७. खारेजी

यस विधान जारी हुनुभन्दा अधिका विभिन्न घटकका विधानहरु, नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को विधान लगायत यस पार्टीका यस अधिका विधान स्वतः खारेज भएको मानिने छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## झण्डा

(विधानको धारा- २ सँग सम्बन्धित)

पार्टीको झण्डा ३:२ अनुपातको रातो भूईंमा बायाँ भागको माथिल्लो कुनामा सेतो रङ्गको हँसिया र हथौडा खप्टिएको चिह्न हुनेछ ।

**झण्डाको नमूना**



## अनुसूची- २

## छाप

(विधानको धारा- ३ सँग सम्बन्धित)

**छापको नमूना :** गोलाकारको बीचमा ह''सिया र हथौडाको कैंची परेको चिन्ह अंकित रहनेछ । त्यसको माथिल्लो किनारामा नेपालीमा पार्टीको नाम, तल्लो किनारामा सम्बन्धित तहको समितिको नाम रहनेछ। अंग्रेजीमा पनि सोही अनुसार रहनेछ ।




## अनुसूची- ३

## चुनाव चिह्न

(विधानको धारा- ४ सँग सम्बन्धित)

पार्टीको चुनाव चिन्ह गोलाकारभित्र कैंची परेको हसिया हथौडा पार्टीको चुनाव चिन्ह हुनेछ ।



## अनुसूची- ४

(विधानको धारा ९(२) (क) सँग सम्बन्धित)

संसारका मजदुरहरु- एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !



चुनाव चिन्ह

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

# Communist Party of Nepal (Maoist Centre)

## पार्टी सदस्य आवेदन–पत्र

कमरेड अध्यक्ष,

..................................,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु । अतः पार्टी सदस्यताको लागि यो आवेदन पेश गरेको छु । मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छ :

१. नाम (नागरिकता अनुसार) : ................................................ २. नागरिकता प्र.प.नं.:.........................

३. नागरिकता प्राप्त जिल्ला : ......................... ४. मतदाता नं. ...............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : .....................८. परिवार सङ्ख्या : .............

९. पेशा तथा व्यवसाय : ................................ १०. इमेल : ...................................................................

११. ठेगानाः (क) स्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा ........................................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा .........................................................................

१२. वर्ग स्रोत : ............................... १३. वर्ग ....................... १४. शैक्षिक योग्यता : ............................

१५. जाति :............................ १६. अन्य पहिचान : ........................... १७. सम्पर्क नं. ...........................

१८. संक्षिप्त राजनीतिक जीवनी : ...............................................................................................
.........................................................................................................................................................

मिति : ...........................

..............................

आवेदकको हस्ताक्षर

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद

संसारका मजदुरहरु- एक होऔं !

(विधानको धारा १० (२) (क) सँग सम्बन्धित)



चुनाव चिन्ह

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

# Communist Party of Nepal (Maoist Centre)

## संगठित सदस्य आवेदन-पत्र

कमरेड अध्यक्ष,

...................................... ,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)को सिद्धान्त, नीति-कार्यक्रम र विधानको अवलम्बन गर्दै पार्टीमा काम गर्न म तत्पर छु । अतः पार्टी संगठित सदस्यताको लागि यो आवेदन पेश गरेको छु । मेरो व्यक्तिगत विवरण निम्न प्रकार रहेको छः

१. नाम (नागरिकता अनुसार) : ............................................. २. नागरिकता प्र.प.नं.: ........................

३. नागरिकता प्राप्त जिल्ला : ...................... ४. मतदाता नं. ..............................५. लिङ्ग : .................

६. जन्म मिति : ..................................७. बैवाहिक अवस्था : .................... ८. परिवार सङ्ख्या : ............

९. पेशा तथा व्यवसाय : ................................ १०. शैक्षिक योग्यताः ................................................

११. ठेगानाः (क) स्थायी : प्रदेश, जिल्ला, न.पा. / गा.पा., वडा .......................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा. / गा.पा., वडा ..........................................................

१२. वर्ग स्रोत : .................................. १३. वर्ग ..................... १४. मासिक लेवी दर : ........................

१५. जाति :................ १६. अन्य पहिचान : ............ १७. सम्पर्क नं. ................१८. इमेल : ..................

१९. संक्षिप्त राजनीतिक जीवनी : ..........................................................................

..........................................................................................................................

..........................................................................................................................

कार्यरत रहेको मोर्चा / सङ्गठन : ..........................................................................................

मिति : ............................. ..........................

आवेदकको हस्ताक्षर

---

**सिफारिस तथा निर्णयः**

हामी आवेदकलाई राम्ररी चिन्दछौं । निजको राजनीतिक जीवनको अध्ययन गर्दा पार्टीको संगठित सदस्यता प्रदान गर्न उपयुक्त हुने देखिएकाले सिफारिस गर्दछौं ।

१. नाम : ............................................. ठेगानाः .....................................

......................................... समिति पद : ........................... हस्ताक्षर :.............................

२. नाम : ................................................ ठेगानाः ..................................

................................................. समिति पद : .......................... हस्ताक्षर :............................

**सिफारिस गर्ने समिति** : ..........................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : ........................

**निर्णय गर्ने समिति** : ..............................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : ........................

**अनुमोदन गर्ने समिति** : ..........................................................................................

बैठक मिति : .................... समिति प्रमुखको नाम : ................................. हस्ताक्षर : ........................

## अनुसूची- ६

(विधानको धारा १४ (५) (६) सँग सम्बन्धित)

संसारका मजदुरहरु - एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

चुनाव चिन्ह

# नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## Communist Party of Nepal (Maoist Centre)

### संगठित सदस्य/पार्टी सदस्य नवीकरण

कमरेड अध्यक्ष,

............................................ ,

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को संगठित सदस्यता/पार्टी सदस्यता नवीकरणको लागि यो आवेदन पेश गरेको छु । मेरो नविकृत व्यक्तिगत विवरण निम्न प्रकार रहेको छ :

१. नाम (नागरिकता अनुसार) : .............................. २. नागरिकता प्राप्त जिल्ला : ...................

३. नागरिकता प्र.प्र.नं. ......................... ४. मतदाता नं. ....................... ५. लिंग : ...............

६. जन्म मिति : ......................... ७. मासिक लेवी दर (संगठित सदस्यको मात्र) : ....................

८. ठेगाना:(क) स्थायी: प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा नं.: . ................................................

(ख) अस्थायी : प्रदेश, जिल्ला, न.पा./गा.पा., वडा नं.:. ..............................................

९. वैवाहिक अवस्था: ............... १०. परिवार संख्या: ............ ११. शैक्षिक योग्यता: .................

१२. पूर्ण सदस्यता प्राप्त मिति : ....................... १३. जाति : ............................................

१४. अन्य पहिचान : ....................... १५. वर्ग स्रोत : .................... १६. वर्ग : ...................

१७. पेशा/व्यावसाय : ............... १८. सम्पर्क नं. ................. १९. इमेल : .....................

२०. पार्टी हैसियत र काम गरिरहेको पार्टी समितिको नाम ठेगाना : ..........................................

२१. सम्पत्तिको विवरण : नगद .................................................... जिन्सी (घरजग्गा समेत) : .................................................................................................... मूल्य बराबरको ।

२२. राजनैतिक र सांगठनिक पृष्ठभूमि (विकास क्रमका विशिष्ट घटनासहित) : ....................................................................................................................................

....................................................................................................................................

.............................................

मिति : ................................ संगठित सदस्य/पार्टी सदस्यको दस्तखत

---

**नवीकरणको सिफारिस गर्ने समिति** : ........................ **नवीकरणको स्वीकृत गर्ने समिति** : .................

समिति प्रमुखको नाम : ................................................ समिति प्रमुखको नाम : ...................................


दस्तखत : ........................... मिति : ......................... दस्तखत : ......................... मिति : ................

# अनुसूची- ७

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## सदस्यता प्रमाण–पत्र

(विधानका धारा- १५(१) सँग सम्बन्धित)



संसारका मजदुरहरु एक होऊ!

मार्क्सवाद-लेनिनवाद-माओवाद-जिन्दावाद !!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

सदस्यता प्रमाण-पत्र

प्र.प.नं. ........

नाम : ..................................................

पद : ..................................................

ठेगाना : ..................................................

कार्यक्षेत्र : ..................................................

जारी मिति: ..................................................

नागरिकता नं. : .........

................ अध्यक्ष

................ प्रमाणित गर्नेको हस्ताक्षर



| नवीकरण | | | | |
|---|---|---|---|---|
| अवधि | | प्रमाणित गर्ने | | |
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, ४६०२२८८, फ्याक्स : ९७७-१-४६०२२८९

Email : cpnmcentre@gmail.com, Web : www.cpnmcentre.org

# अनुसूची-८

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## संगठित सदस्यता प्रमाण–पत्र

(विधानका धारा- १५(२) सँग सम्बन्धित)



संसारका मजदुरहरु - एक होऊ !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !!

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

........................ समिति

संगठित सदस्यता प्रमाण-पत्र

प्र.प.नं.

नाम : ..................................................

पद : ..................................................

ठेगाना : ..................................................

कार्यक्षेत्र : ..................................................

जारी मिति : ........................

नागरिकता नं. : ....................

फोटो

अध्यक्ष

प्रमाणित गर्नेको हस्ताक्षर

| नवीकरण | | | | |
|---|---|---|---|---|
| अवधि | | प्रमाणित गर्ने | | |
| देखि | सम्म | नाम | पद | हस्ताक्षर |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं, फोन : ९७७-१-४६०२२९०, फ्याक्स : ९७७-१-४६०२२८९


Email : cpnmcentre@gmail.com

## अनुसूची-९

## नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

## मानार्थ सदस्यता

(विधानका धारा- १८(५)(ण) सँग सम्बन्धित)




## अनुसूची- १०

## शपथको व्यहोरा

(विधानका धारा- ४२(१) सँग सम्बन्धित)

म ...................................................... नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को .............................. जिम्मेवारी लिइरहेको यस महत्वपूर्ण घडीमा पार्टीको झण्डा सामु उभिएर प्रतिज्ञा गर्दछु :

म पार्टीको मार्गदर्शक सिद्धान्त, कार्यक्रम र नीतिलाई दृढताका साथ अनुशरण गर्नेछु । पार्टी विधानलाई इमानदारीका साथ पालन गर्नेछु । पार्टीको गोपनीयता तथा एकता जोगाउँदै स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउनेछु । सबैखाले प्रतिक्रियावादी शक्ति, गलत विचार र गलत व्यवहारका विरुद्ध दृढतापूर्वक जुझिरहनेछु ।

समाजवादी क्रान्ति - जिन्दावाद !

मार्क्सवाद-लेनिनवाद-माओवाद - जिन्दावाद !

आदरणीय अमर-शहीदहरू - लालसलाम !

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) - जिन्दावाद ! जिन्दावाद !!

हस्ताक्षर....................................

नाम..........................................

ठेगाना.......................................

मिति.......................................

## अन्तर्राष्ट्रिय गीत

उठ, जाग ए ! भोका नाङ्गा, जाग संसारका दुःखी
सुन्दर संसार रचना गर्न न्यायको लागि गर्जी
बाँध्ने छैन परम्पराको साङ्लोले जाग ए ! श्रमिक हो
नयाँ जगमा पृथ्वी उठ्नेछ, संसार हाम्रो हुनेछ ।

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

तिनको अदालतबाट शासित हुन हामी चाहन्नौं
तिनको कृपालाई कुल्चँदै बरु सबै भइ सल्लाह गरौं
लुटाहाबाट आफ्नो धन खोस्न, शोषणबाट मुक्त हुन
आफ्नो कर्तव्य आफैले निर्णय गरी पूरा गर्न

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

ज्यामी खेताला एक भइ आउ श्रमिकहरूको संघमा
धर्ती हामी श्रमिकको हो, हैन जाली झेली काँतरको
मोटाए कैयौं रगत मासुले, तर ती हत्यारा
कुनै बिहान नष्ट हुनेछन् र उज्यालो रहिरहनेछ,

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ,
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
अब मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ ।

**-यू.पोत्तर**

## प्रमुख नाराहरू

| | |
|---|---|
| **समाजवादी क्रान्ति** | **– जिन्दावाद, जिन्दावाद ।** |
| **विश्व साम्राज्यवाद तथा विस्तारवाद** | **– मूर्दावाद, मूर्दावाद ।** |
| **नव–उपनिवेशवाद** | **– मूर्दावाद, मूर्दावाद ।** |
| **राष्ट्रिय आत्मसमर्पणवाद** | **– मूर्दावाद, मूर्दावाद ।** |
| **दलाल तथा नोकरशाही पुँजीवाद** | **– मूर्दावाद, मूर्दावाद ।** |
| **सबैखाले संशोधनवाद** | **– मूर्दावाद, मूर्दावाद ।** |
| **मार्क्सवाद–लेनिनवाद–माओवाद** | **– जिन्दावाद, जिन्दावाद ।** |
| **विश्वका सम्पूर्ण मजदुर तथा उत्पीडित जनसमुदायहरू** | **– एक होऔं, एक होऔं ।** |
| **वीर शहीदहरू** | **– लाल सलाम, लाल सलाम ।** |
| **नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)** | **– जिन्दावाद, जिन्दावाद ।** |
| **साम्यवाद, वैज्ञानिक समाजवाद** | **– जिन्दावाद, जिन्दावाद ।** |
| **इन्क्लाव** | **– जिन्दावाद, जिन्दावाद ।** |

**समाप्त**